साप्ताहिक
# गोरखा एक्सप्रेस
गोरखा एक्सप्रेस अनलाइनमा www.nepaltoday.com.np
GORKHA EXPRESS NATIONAL WEEKLY
माटोवादीहरुको साझा पत्रिका
वर्ष ४३ अंक ३० २०८१ फागुन २० गते मंगलबार *(March 4, 2025)* मूल्य रू. १०/

## दलहरूको ध्यान आइजीपीतिर



चैत ५ गते आइजीपी खाली हुनेभएपछि को बन्छ आइजीपी ? ७९ हजार ५ सय ४१ जना फौजको कमान्ड गर्ने नेतृत्व (३१औं आईजीपी) को बन्ला ? फेरि राजनीतिकरण सुरू भएको छ ।

आइजीपीको नियुक्तिमा उसको कार्यसम्पादन, मूल्यांकन, कार्यदक्षतासँग भन्दा राजनीतिक इच्छामा निर्भर हुनथालेको धेरै भयो । अहिले कांग्रेस निकट आइजीपी छन्, अब एमाले निकट नियुक्त हुने त होइन ? भन्ने जिज्ञासा बढेको छ ।

३ जना एआईजीहरू दीपक थापा, सुदीप गिरी र टेकबहादुर तामाङ प्रतिस्पर्धी देखिएका छन् । सत्ताले कसलाई टीका लगाइदिने हो, भन्न सकिदैन ।

# युवा निकासी हुने कि हस्तक्षेप गर्ने

जापानले केयरगिभर, कृषि, उद्यम, निर्माण क्षेत्रका लागि एकलाख नेपाली युवालाई दक्षताको तालिम दिएर काम दिनेभएछ । यसकालागि राजधानीमै तालिमकेन्द्रको उद्घाटन भएको छ । नेपाल र जापान सरकारवीच सहमति भइसकेको छ । युवाहरू कोरियापछि जापान जानका लागि तैयारीमा जुटेका छन् । युवालाई निकासी गरेर देशको अर्थतन्त्र चलायमान बनाउँदै सत्तामा रजगज गरिरहने नेताको लक्ष्य देखिन्छ ।

अर्थात् जो सत्तामा छन्, बुढो पुस्ता यो असफल भयो । देशलाई जिवन्त राख्न, लोकतन्त्रलाई जीवनपद्धति बनाउन यो पुस्ता असक्षम सावित भइसकेको छ । देश यसरी मर्न सक्दैन, निर्जिव बनिरहन पनि सक्दैन भन्दै बुद्धिजीवीहरू भन्छन्- युवापुस्तालाई असफल हुने छुट छैन । युवापुस्ताले निकासी भएर विदेशको निर्माण गर्ने, आफ्नो जन्मभूमिलाई असरल्ल छाड्ने छुट पनि छैन ।

युवापुस्ता जुनसुकै पार्टीका हुन्, तिनले हस्तक्षेप गर्नैपर्छ । जुनसुकै क्षेत्रमा युवाको हस्तक्षेप अनिवार्य भइसक्यो ।



युवापुस्ता योग्य छ, तिनको योग्यतामा प्रश्न उठाउन सकिदैन । स्थापित बुढा नेताहरूले स्वार्थलाई शक्ति बनाएका छन्, युवापुस्ताले राष्ट्र अर्थात जनतालाई शक्ति बनाएर उठ्नुपर्छ ।

बहुदलको ३५ वर्ष र लोकतन्त्रको १८ वर्षमा युवा निकासी गर्ने, भएका रोजगारी खोसिने, बन्दव्यापार उद्योगधन्दा समाप्त पार्नेमात्र काम भएको छ । नेपालराष्ट्र विदेशीको बजारमा सिमित हुनपुगेको छ । नेपाल भनेको राजनीतिक र विदेशी सैनिक उत्पान गर्ने थलोको रूपमा बदनाम हुन थालेको छ । यो सबैको कारण स्थापित नेतृत्व र जनहितमा काम गर्न नसकेको यो पद्धति नै हो । सामाजिक, आर्थिक, राजनीतिक, सांस्कृतिक इतिहास भूगोलको संरक्षण गर्ने युवा पुस्ताको दायित्व हो । यसकारण पनि युवापुस्ता सत्तामा जानैपर्छ । पुग्नैपर्छ । युवापुस्ताले अखण्ड नेपाल जोगाउनुपर्छ र अर्को पुस्तामा हस्तान्तरण गर्नुपर्छ । जो सत्तामा गजधम्म बसेर देश बर्बाद पारिरहेका छन्, तिनलाई बिस्थापन गर्न युवा अग्रसर भएनन् भने देशको अस्तित्व समाप्त हुन बेरछैन । युवापुस्ता अहिले नताते कहिले तात्ने ? युवाहरूले आफ्नो कर्तव्यबाट भाग्ने र विदेशीएर सुखपाउनेवाला छैनन् ।

अमेरिकाको जनवरी २० मा सत्ता परिवर्तनसँग जुन हतारोका साथ 'मेक अमेरिका ग्रेट अगेन' लक्ष्य लिएर अघि बढेको छ, जुनप्रकारका नीति देखिएका छन्, त्यसबाट नेपालको समेत आर्थिक, राजनीतिक, सामाजिक, धार्मिक क्षेत्रमा तहल्का मच्चिएको छ । नेपालको असफल विदेश नीतिका कारणले विविध क्षेत्रमा पहिरो नै गएको छ । विश्वमा सामरिक साझेदारीले यूटर्न लिन लागेका संकेतहरू देखिएका छन् । तेस्रो विश्वयुद्धका कालाबादल पनि बढेका छन् । यस्तो नाजुक घडिमा नेपालले कूटनीतिमा अकारण थप्ने जटिलता र बिकल्प घटाउने जोखिम उठाउनु हुन्न, युवाशक्तिलाई देशमा अडाउन, टिकाउन र अवसर दिनसक्नुपर्छ भन्ने आवाज उठ्दैछ ।

## सेना आएन, सहयोग गयो



एमसीसी आयो, अमेरिकी सेना आउँछ, बुठ बजार्छ भन्ने प्रचार हल्ला सावित भयो । सेना आएन, दिएको सहयोग समेत फिर्ता भयो, स्थगित भयो । कम्युनिष्टहरूको अतिप्रचार कतिसम्म घातक हुनेरहेछ प्रष्ट भयो ।

घटनाक्रमले यसरी कोल्टो फेरेको देखियो कि न अमेरिकी सेना आउने भयो, न नेपालबाट चीनलाई घेर्ने चिन्ता नै सत्य सावित भयो ।

जेलेनस्कीलाई उचाल्नेले स्वार्थका लागि पछारिदिए । माओवादीलाई उचाल्ने भारतले प्रचण्डलाई सडकमा पुऱ्यायो । कसले सोचेको थियो, अमेरिका रूसका पक्ष र युक्रेनका विपक्षमा मतदान गर्छ ?

नेपालमा अहिलेको देशको अवस्था आँधी आउनुअघिको जस्तो छ । थोरै सन्नाटा छाएको छ । अब आँधी आउनेछ, कसकसलाई उडाउने हो ? विश्लेषकहरूको निष्कर्ष छ, नेपालको स्थिति साह्रै सकस र संकटपूर्ण भइसकेको छ ।



## प्रधानमन्त्रीलाई सुझाव

प्रचण्डले प्रम केपी ओलीलाई सत्तोसराप गर्दै देशदर्शन कार्यक्रममा हिड्दा हिड्दै अब स्वमुल्याङ्कन गरेर पदबाट राजीनमा दिन सुभाएका छन् । बोधन गर्दै उनले सरकार सञ्चालन गरेयता प्रधानमन्त्री ओलीले उत्तिर्णाङ्कसमेत नल्याएको बताएका हुन् ।

प्रचण्डको प्रश्न छ- मन्त्रिपरिषद्को कार्य सम्पादनमा प्रधानमन्त्रीले २८ प्रतिशत अंक ल्याएर अनुत्तिर्ण भएपछि पनि किन पदमा बसिरहेको ?

## बन्धक बनेको टीआरसी, बन्धक नै




बन्धक बनेको टीआरसी बन्धक नै छ । ६ महिनामा सङ्क्रमणकालीन न्याय दिने भन्नेहरू १८ वर्षमा पनि पीडितलाई न्याय र पीडकलाई दण्ड दिन सकेनन् । दुईपल्ट गठन भएको सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएकाको छानबिन आयोग नतिजाबिहीन भयो, पार्टीका कार्यकर्ताले जागीर खाएर गए । मानवअधिकार उल्लङ्घनमाथि अनुसन्धान र द्वन्द्वपीडितको न्यायिक निरूपणको काम झन झन अनिश्चित बनेको छ । पार्टीहरूको तुष्टि र कानुनी अड्चन फुक्न सकेन । अब त आयोग नै असरल्ल बनेको छ, नियुक्ती नै हुनसकेको छैन । न्याय स्थापना जटिल बन्दै गएको छ ।

टीआरसीका दुई आयोगमा पार्टीहरूले आफ्ना मान्छे नियुक्त गरेको र पछिल्लोपल्ट पनि नियुक्त गर्न खोजेपछि अप्ठेरो बढेको हो । सरोकारवाला र नागरिक समाजले सरकारको इच्छाशक्तिमा प्रश्न उठाएका छन् । अविश्वस बढेको अवस्था छ । सरकार र पार्टीहरूले इच्छाशक्ति देखाएर'कोर्स करेक्सन' नगरे नेपालको शान्ति प्रक्रिया अनन्तकालसम्म कायम रहने र यो पद्धति र प्रणालीमा नै प्रश्न उठिरहने खतरा देखिएको छ ।

## अध्यादेश पास नहुँदै जग्गा बाँडिदै

भूमिसम्बन्धी अध्यादेश असरल्ल छ, पास हुने हो कि नहुने हो ? सरकार नै नैतिक संकटमा छ । सरकारले गठन गरेको भूमि आयोगका कार्यकर्ताले सुकुम्वासकि नाममा पार्टीको भोट बैंक बढाउनका लागि जग्गा बितरण गर्ने तैयारी गरेका छन् । कांग्रेस-एमालेको सरकारले आफ्ना कार्यकर्तालाई जिल्लैपिच्छे भागबण्डाका आधारमा आयोग गठन गरेका छन् । भूमि आयोगका अध्यक्ष हरिप्रसाद रिजालले खुलासा गरेका छन्- ३ हप्ताभित्रै जग्गा वितरण सुरू हुनेछ ।




भूमि व्यवस्था सहकारी तथा गरिबी निवारणमन्त्री बलराम अधिकारीले आफ्ना कार्यकर्तालाई जग्गा दिलाउन सूची तैयार गरेर आयोगमा टिपाएको स्रोतले जानकारी दिएको छ ।

अध्यादेश कता हो कता ? भूमि आयोगले देशैभरबाट १५ सय अमिनको आवेदन खुलाएको छ । सबै अमिनको नियुक्तीका लागि अभिमुखीकरण तालिम दिन थालिएको छ । फागुन २३ गतेपछि अमिनहरू खटिने कार्यतालिका छ । भूमि आयोगका अध्यक्ष रिजालले भूमिहीन दलित, सुकुम्वासी र अव्यवस्थित बसोबास गरेकाको जग्गानापजाँच गरी लालपुर्जा वितरण सुरू हुने बताएका छन् । यस्तो लालपूर्जा १० लाख ९६ हजारलाई सुरूमै बितरण गरिनेछ । भूमि विधेयक पास भएन भने बितरण भएका लालपूर्जा बैध होलान् र ? प्रश्न उठेको छ ।

## राप्रपाको बल्ल बिकल्प खोज्ने सुरसार




कांग्रेस र कम्युनिष्टबाट देश बन्छ भन्ने भ्रममा नबस्नुहोला भन्दै राप्रपाका नेताहरूले जनतासँग मौका दिन आग्रह गरेका छन् । राप्रपाले जनतासँग भनेको छ- अभिभावकको रूपमा राजालाई राखौं, जनताबाट प्रत्यक्ष निर्वाचित कार्यकारी प्रधानमन्त्रीसहितको ब्यबस्था लागू गरौं । चाँडोभन्दा चाँडो यस्तो ब्यबस्था लागू गर्न सकिएन भने देश अझै बर्बाद हुँदै जानेछ । जनता पनि भ्रष्टाचार र अनैतिकता, अपराधी बचाउने कानुन निर्माण गर्नेहरूले चलाएको सरकार असफल भइसक्यो, यिनीहरूबाट देश बन्दैन, आश नगरौं । युवा निकासी गरेर देश चलाउनु अपराध हो ।

धनगडीमा आयोजित विरोध सभामा राप्रपाका नेता डा. प्रकाशचन्द्र लोहनीले काण्डै काण्डका नाइकेहरू कसरी अग्रगमनकारी हुन सक्छन् ? भन्ने प्रश्न गरेका थिए भने सभामा राप्रपाका दर्जनभन्दा बढी राप्रपाका केन्द्रीय नेताहरूले मन्तब्य राखेका थिए । प्रत्येक राप्रपा नेताहरूले सत्तारूढ कांग्रेस एमालेको बिरोध गरेका थिए ।

धनगडीमा आयोजित आमसभामा काठमाडौं, बुटवल, नेपालगञ्ज, कैलाली-कञ्चनपुरका विभिन्न ठाउँबाट राप्रपाका नेता तथा कार्यकर्ताको ठूलो संख्यामा जम्मा सहभागिता रहेको थियो । तथापि विश्लेषकहरूको मत छ- राप्रपा मेरूदण्ड नभएको पार्टी हो । बिरोधका लागि विरोध गर्न जानेको छ, मौसमी आमसभा र आन्दोलन पनि गर्छ तर राजतन्त्र, हिन्दुवाद र राष्ट्रवादीहरूलाई एकतावद्ध पारेर जनविद्रोहमा जान र आफ्नो राजतन्त्रसहितको पद्धति स्थापनाका लागि अग्रसरता देखाउन सक्दैन । आलोचकहरू त राप्रपालाई गफाडीहरूको पार्टी समेत भन्न थालेका छन् ।

बुटवल हुँदै धनगडी पुगेर आमसभामा बोल्दै राप्रपा अध्यक्ष राजेन्द्र अब लिङदेनले भनेका छन्- अब बिकल्प खोज्ने बेला आयो । तैयार हुनुपर्छ ।

अध्यक्ष राजेन्द्रले कांग्रेस र कम्युनिष्टले देशलाई बर्बाद पारेको आरोप लगाएका छन् । यसकारण यो व्यवस्था र यी नेतालाई देशले धान्न सक्दैन । राष्ट्रिय प्रजातन्त्र पार्टीले आयोजना गरेको बिरोध सभामा राप्रपाका नेताहरूले कांग्रेस- कम्युनिष्टको विकल्पका लागि राप्रपा तैयार रहेको जनाउ दिएका छन् ।

## राजतन्त्रकै काँधमा पुर्षाको भार




जनताले परिवर्तन खोजेकै हुन् भने जनताको नासो जनतालाई नै बुझाएर जिम्मेवारीबाट पन्छिएका ज्ञानेन्द्र शाहले देश र जनताको हार गुहार सुनेर पटक पटक चिन्ता र चासो देखाइरहेका थिए । आफ्नो चिन्ता र चासो तथा सहमति र सहकार्य गरेर देशमा आइपरेका समस्या समाधान र स्थिरताका लागि मिलेर अघि बढ्न गरेको आग्रहलाई समेत राजनीतिक दलहरूले बेवास्ता गर्दैआएका छन् ।

अति भएपछि गत फागुन ७ गते पुन मेलमिलाप र सहकार्य गर्नका लागि पूर्वराजाले सन्देश दिनुभएको छ । यो सन्देशले देशभित्र र बाह्य जगतमा समेत तरङ्ग उत्पन्न भएको छ । यतिबेला नेपालमा संघीय लोकतान्त्रिक गणतन्त्रको असफलता र राजतन्त्रको आवश्यकताबारे चर्चा चुलिएको स्थिति छ ।

राजधानीभित्रका भक्तपुर, ललितपुर राजधानीबाहिरका अनेक जिल्ला क्षेत्रहरूमा राजाको अभिनन्दन गर्दै राजतन्त्र जिन्दावादका नारा लागिरहेका छन् । राजाआउ देश बचाउको माग भइरहेको छ ।

पूर्वराजाभन्दा लोकप्रिय कुनै नेता छैनन् । राजतन्त्रभन्दा लोकप्रिय गणतन्त्र हुनसकेन । नीति, नैतिकता, चरित्र र सिद्धान्त केही पनि बाँकी नरहँदा लोकतन्त्र लज्जित भएको छ । अब लोक निर्णय आउनेवाला छ ।

२० वर्षका गोरखाका राजा पृथ्वीनारायण शाहले गरेको एकीकरण अभियानमा १७ हजार मान्छे मरे कि मरेनन्, १० वर्षको जनयुद्धमा रगतको खोलो नै बगायो । पीडितले संक्रमणकालीन न्याय पाउन सकेनन् । पीडकले राज्यको लाभ लिइनै रहे । २९ वर्षका जंगबहादुरले कोतपर्व मच्चाएर सत्ता र शक्ति आर्जन गरे । उनलाई पनि जनताले नै किनारा लगाइदिएका हुन् । समष्टिमा हेर्दा नेपालको इतिहास भनेको खुकुरीकै इतिहास हो र २१औं शताब्दीको नेपालमा अहिले पनि खुकुरीकै बलमा सत्ता कब्जा गर्ने प्रचलन जारी नै छ । कांग्रेस र एमालेलगायतका प्रतिपक्षीले जतिसुकै प्रजातन्त्रको शंख फुके पनि पद्धति अपराधमै उभिएको देखिन्छ । लोकतन्त्र आयो, कोही लोकतान्त्रिक मर्यादामा बस्न चाहेनन् । कांग्रेस, एमाले, माओवादी स्वार्थका लागि जस्तोसुकै निर्णय गर्न अग्रसर छन् । राष्ट्र अस्तित्वको संकटमा छ । यसकारण हरेक नागरिक भन्छन्- मिसन राजतन्त्र, समय आयो राजतन्त्र पुनर्स्थापनाको ।

# सेनाको भूमिकामा राष्ट्रिय सुरक्षा



**प्रकाश रायमाझी–**

नेपाली सेनाले महाशिवरात्रिको अवसर पारेर सेना दिवस मनाउँदै आएको छ । नेपाली सेनाले भूगोलको मात्र रक्षा गरेको छैन, परम्परागत मूल्यमान्यता, धर्म संस्कृति एवं मौलिक परम्परालाई पनि जोगाएको छ । महाशिवरात्रिमा सेना दिवस, घोडेजात्रा, बडादसैँमा फूलपाती आदि पर्वलाई भव्यतापूर्वक मनाउने परम्पराले सेनामार्फत मुलुकको श्रीवृद्धिमा अमूल्य योगदान पुगेको छ । यसर्थ, महाशिवरात्रीको अवसर नेपाली सेनाको भूमिका र महत्वलाई गहन रूपमा बुझ्ने अवसर पनि हो ।

नेपालको भौगोलिक विकटता र भूराजनीतिक अवस्था दुवै चुनौतीपूर्ण छन् । उत्तरमा विशाल हिमालय शृंखला छ भने दक्षिणमा तराईको समथल भूमि छ । नेपाल विश्वकै सर्वशक्तिमान बन्ने दौडमा रहेका भारत र चीनले घेरिएको छ । यस कारण नेपाल सामु भौगोलिक चुनौती मात्र होइन, सामरिक जटिलता र सुरक्षा चुनौती पनि छन् । नेपालको राष्ट्रिय राजनीति, आन्तरिक सुरक्षा र परराष्ट्र नीतिका साथै यहाँको राजनीतिक स्थायित्व आफूहरूका लागि महत्वपूर्ण रहेको दुई छिमेकीले बारम्बार दोहोर्याउँदै आएका छन् । नेपालको राजनीतिक नेतृत्वको असक्षमता भनौं वा बिबिध त्रुटीहरूका कारण हुँदै गएको कूटनीतिको प्रत्युत्पादन, भारत र चीन मात्र होइन, यी मुलुकसँग प्रतिस्पर्धामा रहेका अन्य मुलुकले समेत नेपालमा गतिविधि बढाउन थालेका छन् । यस जटिल परिस्थितिमा मुलुकले आफ्नो अस्तित्व र सुरक्षालाई सन्तुलनमा राख्नुपर्ने हुन्छ । यसमा नेपाली सेनाको रणनीतिक क्षमता र कूटनीतिक कुशलता मुलुकको अस्तित्व रक्षाका लागि महत्वपूर्ण हुन गएको छ ।

सैना र सैन्य नेतृत्वको भूमिका राष्ट्रिय सुरक्षामा कति महत्वपूर्ण हुन्छ भन्ने विश्वपरिवेशमा देखा परेका अशान्तिका केही घटनाले पनि स्पष्ट पारेका छन् । एक्काईसौँ शताब्दीमा मानिसलाई चाहिने शान्ति सुव्यवस्था र खुसी भएर आफ्ना प्रियजनसँग जिन्दगी व्यतीत गर्न पाउने अवसर नै हो । राजनीति र सैन्य नेतृत्वले




आफ्नो सन्तुलन गुमाउँदा कूटनीतिक माध्यमबाट सुल्झने समस्या चर्किंदै गएर लाखौं मानिसले ज्यान गुमाइरहेको उदाहरण हाम्रै आँखा अगाडि छन् । जनताको सौभाग्य नै भनौं, पटकपटकको राजनीतिक जटिलता र उतारचढावका बाबजुद नेपाली सेनाले उच्च व्यावसायिकता प्रदर्शन गर्दै राष्ट्रिय सुरक्षालाई अक्षुण्ण राख्न सफल भएको छ । यसका लागि हामी सबै जनता नेपाली सेनाप्रति कृतज्ञ छौँ ।

नेपाली सेनाले आफ्नो सैन्य क्षमतालाई सुदृढ पार्दै विश्व शान्ति र क्षेत्रीय स्थिरतामा समेत योगदान पुर्याउँदै आएको छ । संयुक्त राष्ट्र संघीय शान्ति मिसनहरूमा नेपाली सेनाको सक्रिय सहभागिताले अन्तर्राष्ट्रिय स्तरमा नेपालको प्रतिष्ठा बढेको छ । द्विपक्षीय सैन्य अभ्यास र अन्तर्राष्ट्रिय सहयोगले नेपाली सेनाको क्षमता अभिवृद्धिमा महत्वपूर्ण भूमिका खेलेको छ । यद्यपि, नेपाली सेनाको क्षमता विकासमा मिहिनेत र लगानी अझै बढाउनुपर्ने घटनाक्रमले इंगित गर्न थालेका छन् । सेना भन्नासाथ युद्धमै होमिनुपर्छ भन्ने मानसिकता पनि ठीक होइन, तर आइपर्दा परिस्थितिको सामना गर्न सक्ने सबल सेना हुनु उत्ति नै आवश्यक छ । सक्षम र सबल सैन्य शक्तिले 'दुस्मन'हरूका विरूद्ध 'डिटरेन्स'को रूपमा काम गर्छ, जसले गर्दा अनावश्यक द्वन्द्वबाट देश र जनता सुरक्षित रहन्छन् ।

त्यसका लागि सैन्य प्रविधिमा लगानी बढाउँदै अध्ययन अनुसन्धानमा जोड दिनु आवश्यक छ । आफ्नो सुरक्षाका लागि आवश्यक माटो सुहाउँदो प्रविधि आफैँले विकास गर्न सक्ने हो भने राष्ट्रिय सुरक्षामा त योगदान पुग्छ नै, सानो बजेटले नै प्रभावकारी सुरक्षा व्यवस्था कायम गर्न सहज हुन्छ । नेपाल जस्तो सानो देशले अन्य मुलुकबाट प्रविधि खरिद गरेर आफ्नो सैन्य क्षमतालाई सुदृढ गर्नु कठिन कार्य हो । भारतलगायत धेरै मुलुकले आफ्नो सुरक्षाका लागि आफैँ प्रविधि विकास गर्नुपर्ने आवश्यकता देखेरै त्यसमा मनग्य लगानीका साथै अध्ययन अनुसन्धानमा पनि जोड दिन थालेका छन् । यसमा हामीले पनि ढिलो गर्नु हुँदैन ।

प्रविधिकै माध्यमले विश्वसामु देखा परेका साइबर सुरक्षा, जलवायु परिवर्तन र सीमा सुरक्षाजस्ता नयाँ नयाँ चुनौतीलाई समेत सामना गर्न सजिलो हुनेछ । हामीले सामना गर्ने चुनौती हाम्रै देश र परिवेश अनुसार विशिष्ट प्रकृतिको हुने भएकाले यसमा यथाशीघ्र ध्यान जानु आवश्यक छ । यसमा नेपाली सेनाले आफ्नो भूमिकालाई अझ प्रभावकारी बनाउनु आवश्यक छ । नेपाल जस्तो देशको लागि सैनिक कूटनीतिले शान्ति र समृद्धिमा महत्वपूर्ण भूमिका खेल्छ । युद्धबिनाको शान्ति पनि महत्वपूर्ण हो । नेपाली सेनाले आफ्नो भूमिकालाई युद्धमा मात्र सीमित नगरी, विपद् व्यवस्थापन, विकास निर्माण र सामुदायिक सेवामा पनि विस्तार गरेको छ । विपतको घडीमा ज्यानको पर्वाह नगरी नेपाली दाजुभाइ दिदीबहिनीका निमित्त सेनाले आफूलाई समर्पित गर्दै आएको छ । यसले नेपाली सेनालाई जनताको नजिक ल्याएको छ र राष्ट्रिय एकतालाई मजबुत बनाएको छ । नेपाली सेनाको भूमिकालाई हेर्दा यो केवल सैन्य शक्ति मात्र नभई, राष्ट्रिय पहिचान, सांस्कृतिक धरोहर र सामाजिक विकासको अभिन्न अंग हो भन्ने स्पष्ट हुन्छ । नेपाली सेनाले आफ्नो कर्तव्य र दायित्वलाई अझ सुदृढ बनाउँदै लैजाने हो भने नेपालको शान्ति, सुरक्षा र समृद्धिसमेत सुनिश्चित हुनेछ । सेना भनेको आफैँमा एउटा देश पनि हो । बेरोजगारको विदेश पलायनलाई रोक्न पनि सेनाको संख्यामा वृद्धि गर्दै आकर्षक पेसाका रूपमा विकास गरिनुपर्छ । देशको उन्नतिका लागि सेनाको भूमिका बढाउन सकिने क्षेत्र प्रशस्त छन् । विषम राजनीतिक परिदृश्यमा देशको स्थायित्व र नेपालीको भावनालाई आत्मसात् गर्दै राष्ट्रिय सुरक्षालाई दिगो राख्न आन्तरिक राज्यविप्लवको झिल्कालाई बेलैमा निराकरण गर्नका लागि पनि नेपाली सेनालाई अझै मजबुद बनाउनु पर्ने आवश्यकता छ ।

# खतरनाक मोडमा पुगेको नेपालको राजनीति



**डा. केशव देवकोटा**

राष्ट्रिय राजनीति खतरनाक मोडमा पुगेको छ । खासगरी नेपालको संघीयताका लागि अमेरिका र युरोपले लगानी गरेको र अब अमेरिकाले नेपालको संघीयताका लागि दिँदैआएको रकम नदिने घोषणा गरेपछि नेपालको संकटमाथि महासंकट थपिएको हो । अमेरिकाका राष्ट्रपति डोनाल्ड ट्रम्पले सत्ता सम्हालेपछि गोप्य रूपमा अमेरिकी सहायता प्राप्त गरेर राजनीति गर्दैआएका नेपाल लगायत विश्वका धेरै मुलुकका नेताहरूको रहस्यको पर्दा उघ्रिएको छ । नेपालको बर्तमान सरकारले समर्थनगर्दै आएको युक्रेनसँग हालै अमेरिकाले जेजस्तो ब्यवहार गर्‍यो, त्यसले पनि कतिपय भाबि संकटकाबारेमा संकेत गरेको देखिएको छ । घटनाक्रम कस्तो देखियोभने गतसाता सोमबार संयुक्त राष्ट्रसंघले युक्रेनी भूभागबाट रूसी सेनाको तत्काल फिर्तालाई समर्थनगर्ने प्रस्तावकाबारेमा मतदान गरायो । सो प्रस्तावको पक्षमा ९३ र विपक्षमा १८ मत परेको थियो । ६५ देश तटस्थ बसेका थिए । नेपालले प्रस्तावको समर्थन गरेको थियोभने नेपालका छिमेकी चीन र भारत फेरी पनि ततष्ट बसे । विगतमा पनि नेपालले युक्रेनसम्बन्धी प्रस्तावहरूमा समर्थन जनाउँदै आएको थियो । राष्ट्रसंघले गतसाता युक्रेनमा व्यापक, न्यायपूर्ण र दिगो शान्तिको विकास शीर्षकको प्रस्ताव पनि पारित गरेको छ । सो प्रस्तावले रूसी आक्रमणको निन्दागर्दै युक्रेनबाट रूसी सेना फिर्ता गर्नँपर्ने माग गरेको छ । अमेरिकालेसमेत युक्रेनविरूद्ध रूस, उत्तर कोरिया र बेलारूससहित १८ देशको पक्षमा मतदान गरेको थियो । यसरी एकातिर यहाँको आन्तरिक राजनीतिमा चासो राख्दैआएका चीन, भारत र अमेरिकासँगबाट अन्तराष्ट्रिय मञ्चमा नेपाल एक्लियोभने अर्कातिर नेपालले आफूलाई यूरोपेलीहरूको पक्षमा देखाएको थियो । नभन्दै युक्रेन पनि अमेरिकाबाट टाडिदै युरोपकै निकट पुगेको छ । रूस-युक्रेन युद्धको बिषयलाई लिएर अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पसँग गत शुक्रबार नोंकझोक भएपछि युक्रेनी राष्ट्रपति भ्लोदिमिर जेलेन्स्की तत्काल बेलायत पुग्नुभएको थियो । उहाँले बेलायती प्रधानमन्त्री किएर स्टार्मरसँग इङ्गल्यान्डको टेन डाउनिङ स्ट्रीटमा भेटगर्दै सहयोगको याचना गर्नुभयो । त्यसक्रममा प्रधानमन्त्री किएर स्टार्मरले बेलायत युक्रेनको साथमा रहेको बताउनुकासाथै दुई नेताले युक्रेनी सैन्य आपूर्तिका लागि २.२६ बिलियन पाउन्ड ऋणमा हस्ताक्षरसमेत गर्नुभएको थियो । जसलाई जफत गरिएको रूसी सम्पत्तिको प्रयोगगरी ऋण चुकाइने भनिएको छ । स्टार्मर गत आइतबार रूस-युक्रेन युद्ध समाप्तगर्ने प्रयास र व्यापक युरोपियन सुरक्षाका लागि मत जुटाउन युरोपियन देशका नेताहरूको एक शिखर सम्मेलनमा पनि सहभागी हुनुभएको थियो । गत आइतबारनै युक्रेनका राष्ट्रपति जेलेन्स्कीले बेलायतका राजा चार्ल्स तृतीयसँग पनि भेट्नु भएको बुझिएको छ । गत एक हप्ताअघि डोनाल्ड ट्रम्पले जेलेन्स्कीलाई तानाशाह भन्नुभएको थियो । गत शुक्रबार उहाँले युक्रेनी राष्ट्रपतिलाई ह्वाइट हाउसमा स्वागत गरेपनि वाशिंटन र युक्रेनबीच हुने भनिएको अमेरिकालाई युक्रेनको दुर्लभ खनिजहरूमा पहुँच प्रदानगर्ने सम्झौतामा हस्ताक्षर हुन सकेन । ट्रम्पले दुई साताअघि नै रूसी राष्ट्रपति भ्लादिमिर पुटिनसँग कुरागर्दै तीनबर्ष पुरानो युद्ध अन्त्यगर्ने वार्ता शुरू गरेर युक्रेनबारे अमेरिकाको वर्षौंको नीतिलाई उल्टाइदिनुभएको थियो । उहाँले जेलेन्स्कीलाई चुनावविहीन तानाशाह भनेर हप्काउँदै र सन् २०२२ को फेब्रुअरीमा रूसको आक्रमणका लागि युक्रेनलाई दोष दिनुभएको थियो । गतसाता भारतका प्रधानमन्त्रि नरेन्द्र मोदीले अमेरिकी राष्ट्रपति ट्रम्पसँग वार्ता गरेलगत्तै नेपाललाई दिने भनिएको एमसीसीको रकम कटौती गरिएको थियो ।

त्यसलगत्तै गत शुक्रबारनै युरोपेली संघ (इयु) ले भारतसँग सुरक्षा र रक्षा साझेदारीकाबारेमा छलफल गरेको थियो । इयुकी प्रमुख उर्सँला भोन डेर लेयनले नयाँदिल्लीमा प्रधानमन्त्री नरेन्द्र मोदीसँग भेट गर्नँभएको हो । भोन डेर लेयन आफ्नो परम्परागत सहयोगी संयुक्त राज्य अमेरिकासँगको बिग्रिएको सम्बन्ध बचाउन आफ्ना कमिश्नरहरूको समूहकासाथ दुई दिने भ्रमणका लागि गत बिहीबार भारत पुग्नुभएको थियो । जसलेगर्दा अमेरिकी राष्ट्रपति ट्रम्पले भनेजस्तै युक्रेनका कारण तेश्रो विश्वयुद्धको संभावना बढाएको छ । जसमा नेपालसमेत मुछिने प्राय: पक्काजस्तै देखिएको छ । अमेरिकाले जसरी युक्रेनसँग आफूले त्यहाँको युद्धमा गरेको खर्च बराबरको खनिजको माग गर्‍यो, त्यसैगरी नेपालसँग पनि यहाँ हालसम्म अमेरिकाले गरेको लगानीको क्षतिपूर्ति मागगर्ने संभावना बढेको छ । यसअघि नै नेपालको युरेनियम लगायतमा अमेरिकाको आँखा परिसकेको छ । अब नेपाल 'तावाबाट उफ्रिएको माछो भुंग्रोमा' भनेजस्तो अवस्थामा पुग्ने संकेतहरू देखिएका छन् । ०४६ सालको परिवर्तनदेखि नै नेपालमा देशभक्त शक्तिहरूलाई पाखालगाउने र विदेशी हस्तक्षेपलाई भित्र्याउने कामहरू भएका थिए । जसका कारण ०६३ पछि सत्ता र शक्तिमा आएका नेताहरू भारत र अमेरिका नजिक पुगेको देखिएको थियो । हाल आएर नेपालका नेताहरूको युरोपीयन यूनियनसँगको संलग्नता पनि खुलेको छ । नेपाल छिमेकी चीन, भारत र रूस तथा अमेरिकासँग टाडिदै जसरी युरोपसँग जोडिन पुग्दैछ, त्यसले नेपाल र नेपालीको भलोगर्ने देखिएको छैन । हालैमात्र एमालेका महासचिव शंकर पोखरेलले सामाजिक सञ्जाल फेसबुकमा एक स्टाटस लेख्दै अमेरिका र युक्रेनबीच ह्वाइट हाउसमा भएको प्रत्यक्ष वार्ताले धेरैलाई धेरै कुराको पाठ सिकाएको बताउनु भएको थियो । उहाँले अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प र युक्रेनी राष्ट्रपति जेलेनेस्कीबीच भएको नोकझोंकको सन्दर्भ उल्लेखगर्दै त्यस्तो बताउनु भएको हो । उहाँले आफ्नो स्टाटसमा हरेक राष्ट्रले आफ्नो राष्ट्रिय हितका लागि छिमेकसँगको सम्बन्धलाई प्राथमिकतामा राख्नु पर्दछ । छिमेकीसँगको सम्बन्ध बिग्रँदा शक्तिशाली देशहरूले पनि दु:ख पाउनु पर्दोरहेछ । छिमेकका विरूद्ध बाहिरबाट प्राप्त हुने सहयोग अस्थायी र कतिपय अर्थमा स्वार्थ आधारित हुँदोरहेछ भन्ने समेत उल्लेख गर्नुभएको थियो ।

हुनपनि हालको अवस्थामा रूस र युक्रेन दुवैका लागि युद्ध घाँडो भएको छ । तर युद्ध अन्त्यका लागि उनीहरूले निकै ठूलो मूल्य चुकाउनुपर्ने अवस्था पनि बिद्यमान छ । युक्रेनले 'नेटो'को सदस्यता पनि नपाउने, अमेरिकाको ऋण पनि तिर्नुपर्ने र बेलायतको ऋण पनि बोक्नुपर्ने अवस्था सिर्जना भएको छ । अमेरिकासँगको तनाव र युक्रेनी राष्ट्रपति जेलेन्सकीको पछिल्लो कदमले सो मुलुकको अस्थित्वनै समाप्तिको दिशामा अगाडि बढेको देखिन्छ । नेपालमा पनि केही पार्टी र तिन्का नेताहरूले विदेशीको बुई चढेर नेपालको देशभक्त शक्तिलाई बिस्थापित गराउने प्रयासगर्दा देशकै अस्थित्व संकटमा पर्दैगएको देखिएको छ । हाल आएर नेपालका संसदवादी दलका नेताहरूले 'फोहर गरिसकेपछि दैलो देख्न थालेका' छन् । कतिपयले खुलेरै शान्ति र स्थायित्वका लागि अब हरेक देशले सोच्नु पर्दछ, क्षेत्रीय शान्ति बिना विश्व शान्ति सम्भव हुँदैन । त्यसमाथि एशियाली देशहरूले आपसी सम्बन्धको विकासमा जोड नदिने होभने एशियाकै सभ्यता संकटमा पर्नसक्ने बताउन थालेका छन् । अमेरिकाको पछिल्लो रणनीतिले एशियानै भूराजनीतिको द्वन्दको केन्द्र बन्नसक्ने आंकलन पनि हुनथालेको छ । अमेरिकाको पछिल्लो रणनीतिले गाजा क्षेत्र प्यालेष्टाइनीहरूबाट खोसिन सक्ने, रूस-युक्रेन युद्धकाक्रममा युक्रेनको नामो निशान मेटिन सक्ने ब्याख्या र बिश्लेषण हुनथालेको छ । नेपालको ०६३ को परिवर्तनमा भारत, अमेरिका र युरोपेली देशहरूको परोक्ष संलग्नता रहेको रहस्य खुलेपछि नेपालको अस्थित्वमाथि पनि बिभिन्न प्रश्नहरू उठ्नथालेका छन् । नेपालका आफूलाई लोकतन्त्रवादी र गणतन्त्रवादी भन्ने नेताहरूको स्वार्थपरक नीतिले अन्तत: आर्थिक स्वार्थमा आधारित नयाँ प्रकारको भूराजनीतिक द्वन्दको विकासगर्ने देखिएको छ । अब नेपालले आफ्नै देश अनुकूलको राजनीति र स्वावलम्बी अर्थतन्त्रको बाटोमा अगाडि बढ्नुपर्ने टड्कारो आवश्यकता छ । जसका लागि देशभक्त शक्तिहरूको एकता र देशको भाग्य र भबिश्यका लागि आपसमा बृहत् छलफलको पनि त्यतिकै आवश्यकता छ । बर्तमान सरकारले संसदमा रहेका र नरहेका क्रियाशील राजनीतिक पार्टी र शक्तिहरूको सर्बदलीय र सर्बपक्षीय राजनीतिक सम्मेलनको आयोजना गरेर राजनीतिक र आर्थिक सुधारकासाथ गरेर अगाडि बढ्न सकेमा सबैभन्दा राम्रो हुन्छ । भएनभने सम्पूर्ण देशभक्त शक्तिहरूको संगठन र सशक्त आन्दोलन आजको अपरिहार्य बिषय भएको छ ।

पछिल्ला दिनमा केही राजावादी शक्तिहरूले राजतन्त्रको पुनर्स्थापनाका लागि आन्दोलन थालेका छन् । तर त्यसलेमात्र पनि नेपालको राजनीतिक र आर्थिक संकटलाई निकाश दिने देखिएको छैन । किनकी पहिलो छिमेकी भारतको नेपाल नीतिका कारण नेपालमा हिन्दू राष्ट्र र राजतन्त्र स्थापना हुन कठीन छ । दोश्रो नेकां, एमाले र माओवादी केन्द्रलगायतका बिचौलिया पार्टीहरू कता लाग्नेभन्ने खुलिसकेको छैन । पूर्बराजा र हाल संसदमा रहेका नेकां, एमाले र माओवादी केन्द्र लगायतको विदेशी संलग्नता भारतमा रहेका कारणले देश अबका दिनमा कसरी अगाडि बढ्छ भन्ने कुरा अझैपनि अन्योलमा छ । पछिल्लो समयमा देशको राष्ट्रवादी एबं देशभक्त शक्तिलाई छिन्नभिन्न बनाउने र हरक्षेत्रमा विदेशीलाई प्रमुखता दिने कायहरू भएका कारण देशको अस्थित्वमाथि नै प्रश्न उठेको छ । जब देशको अस्थित्वमाथि नै प्रश्न उठेको छभने यस्तो अवस्थामा कुन राजनीतिक ब्यवस्था र कुन पार्टी भन्ने कुरा गौण हुन्छ । नेपाली सेनाको गत केही दिन अघि भएको पृतनापतिहरूको सम्मेलनमा नेपालको भू-राजनीतिक जटिलताका बारेमा जसरी प्रश्न उठेको थियो, त्यो धेरै महत्वपूर्ण छ । त्यसको समाधानका लागि सबै क्षेत्र र पक्षको बुद्धिमत्तापूर्ण प्रयासको खाँचो छ ।






Gorkha Express Weekly
राष्ट्र र राष्ट्रियताको साझा पत्रिका
गोरखा एक्सप्रेस साप्ताहिक

# सिम्पल सम्मान पाउनेहरू



-जयराम बिडारी : कला साहित्य तथा समाजसेवाका क्षेत्रमा उत्साहित युवाहरूको सक्रियतामा २७ वर्ष अघि स्थापना गरिएको सिम्पल आर्टसको आयोजनामा 'सिम्पल सम्मान-२०८१' बाट विशिष्ट व्यक्तित्वहरू सम्मनित भएका छन् ।

स्थापना कालदेखि हलसम्म सम्मानित प्रतिभाहरू :

प्रथम सिम्पल सम्मान २०५५ मा वरिष्ठ चलचित्र निर्देशक लक्ष्मीनाथ शर्मा, वरिष्ठ संगीतकार विजयसिंह मुनाल, वरिष्ठ गायिका तीर्थकुमारी, कलाकार लक्ष्मी गिरी र शिक्षासेवी ईन्द्रप्रसाद शर्मालाई सम्मानित गरिएको थियो । दोश्रो सिम्पल सम्मान २०५६ : चलचित्र निर्देशक प्रकाश थापा, सङ्गीतकार शक्ति वल्लभ, वरिष्ठ गायिका रचना जिसि, कलाकार सुशीला रायमाझी, शिक्षासेवी गोपाल प्रसाद बाँसकोटा ।

तेश्रो सिम्पल सम्मान २०५७ : वरिष्ठ चलचित्र निर्देशक अशोक शर्मा, कलाकार रवि गिरी, चर्चित गायक पुष्कर जङ्गम,गीतकार पुष्पलता आचार्य, विमान चालक एल.वि. नेपाली ।

चौँथो सिम्पल सम्मान २०५८: वरिष्ठ साहित्यकार डा.रामदयाल राकेश, शिक्षासेवी डा. राममान श्रेष्ठ, वरिष्ठ गायक माधवलाल श्रेष्ठ,वरिष्ठ कलाकार दीपाश्री निरौला,समाजसेवी शङ्कर पौडेल, आजीवन सदस्य र भिमकुमारी पोखरेल पाचौँ सिम्पल सम्मान २०५९ : वरिष्ठ चचित्र निर्देशक सुनिल पाण्डे,वरिष्ठ सङ्गीतकार दीपक जङ्गम, वरिष्ठ कलाकार गोपालराज मैनाली, वरिष्ठ गीतकार दिनेश अधिकारी,रेडियो सञ्चालिका सूर्यकुमारी पन्त ।

छैठौं सिम्पल सम्मान २०६० : गायक ओम विक्रम विष्ट,वरिष्ठ साहित्यकार केदार न्यौपाने, शिक्षासेवी प्रमिला सिंह,वरिष्ठ साहित्यकार वियोगी बुढाथोकी,उद्योगपति भरतप्रसाद ढकाल ।

सातौँ सिम्पल सम्मान २०६१: आनन्द कार्की, गजलकार ज्ञानुवाकर पौडेल, साहित्यकार विष्णुबहादुर सिंह, कलाकार सिरू विष्ट, पत्रकार शिशिर शर्मा, चर्चित गायक सिताराम पोखरेल, चलचित्र निर्देशक साकार खरेल, कलाधर काफ्ले । आठौं सिम्पल सम्मान २०६२ : वरिष्ठ चलचित्र निर्देशक नारायण पूरी, वरिष्ठ साहित्यकार दुवसु क्षेत्री, वरिष्ठ गायक गोपाल श्रेष्ठ, समाजसेवी सगुन शाह,अर्का समाजसेवी कृष्णबहादुर थापा र युवा व्यवसायी लिलेन्द्र प्रसाद प्रधान । नवौं सिम्पल सम्मान २०६३ : वरिष्ठ कलाकार शर्मिला मल्ल, दामोदर पुडासैनी 'किशोर' पत्रकार गोवर्धन पूजा, शिक्षासेवी डा. वावुराम पोखरेल, मुक्तिनाथ शर्मा न्यौपाने, कलाकार सुलक्षण भारतीलाई सम्मानित गरिएको थियो । दसौँ सिम्पल सम्मान २०६४ : गायक प्रकाश श्रेष्ठ, कलाकार अरूणिमा लम्साल, साहित्यकार गीता खरेल शिवाकोटी, व्यवसायी हरिबहादुर भण्डारी, शिक्षक वासुदेव शर्मा रिमाल ।

एघारौँ सिम्पल सम्मान २०६५ : सङ्गीतकार शम्भुजीत बाँसकोटा, कलाकार झरना थापा, व्यवसायी खुमबहादुर सुवेदी, साहित्यकार नारदमणि पौडेल, साहित्यकार बद्रीबहादुर कार्की र समाजसेवी ईन्दु थापा ।

वाह्रौं सिम्पल सम्मान २०६६ : कलाकार गौरी मल्ल,वरिष्ठ सङ्गीतकार मधु क्षेत्री। युवा सङ्गीतकार राहुल प्रधान, लेखक मित्रसेन दाहाल, समाचारवाचिका समा थापा । तेह्रौं सिम्पल सम्मान २०६७ : कलाकार मिथिला शर्मा, साहित्यकार लव गाउँले, व्याकुल पाठक, सङ्गीतकार राजु सिंह, व्यवसायी ईश्वरी पौडेल र समाचारवाचिका गृष्मा राजभण्डारी ।

चौधौं सिम्पल सम्मान २०६८ : वरिष्ठ कलाकार करिश्मा मानन्धर, वरिष्ठ सङ्गीतकार बुद्ध सायमी, साहित्यकार सुरेन्द्र महर्जन 'अमर', साहित्यकार रत्नप्रकाश श्रेष्ठ, पर्यटन व्यवसायी कुल बहादुर र समाचारवाचिका अनिता विन्दु ।

पन्ध्रौं सिम्पल सम्मान २०६९ : नाटक निर्देशक राजन खतिवडा, वरिष्ठ गायक कुन्ती मोक्तान,साहित्यकार ईन्द्रकुमार श्रेष्ठ 'सरित'साहित्यकार मातृका पोखरेल, किशनसिंह धामी, पर्यटन व्यवसायी मोहन लम्साल र समाजसेवी शंकर डङ्गोल । सोह्रौ सिम्पल सम्मान २०७० : महानायक राजेश हमाल, साहित्यकार कृषु क्षेत्री, गीतकार श्यामा खरेल, गायिका रूकमणी श्रेष्ठ, वरिष्ठ चित्रकार हेम पौडेल र पर्यटन व्यवसायी मुक्ति पाण्डे । सत्रौँ सिम्पल सम्मान २०७१ : चर्चित गायक सुवर्च देवकोटा, हास्य कलाकार मनोज आचार्य, सञ्चारकर्मी हरिशरण लामिछाने, वरिष्ठ साहित्यकार मणिराज सिंह र चित्रकार देवेन्द्र थुम्केली ।

अठारौँ सिम्पल सम्मान २०७२ : नायिका माला लिम्बु, गीतकार रमेश अधिकारी, साहित्यकार जीवनाथ धमला, बालसाहित्यकार गङ्गा पौडेल र राजेन्द्र कठायत । उन्नाइसौँ सिम्पल सम्मान २०७३ : कलाकार शिवहरि पौडेल, पत्रकार किशोर श्रेष्ठ, साहित्यकार मीना सुवेदी, गायक भोजराज प्रसाईं र शर्मिला गुरूङ डङ्गोल । बिसौँ सिम्पल सम्मान २०७४ : गायक अमर तण्डुकार, नायिका रविना थापा निर्देशक जनक दीप पराजुली, पत्रकार चेतनाथ धमला र साहित्यकार हरि मञ्जुश्री । एक्काइसौँ सिम्पल सम्मान २०७५ : वरिष्ठ सङ्गीतकार बुलु मुकारूङ, कलाकार सुष्मा कार्की, पत्रकार बिदुर गिरी, साहित्यकार विधान आचार्य, चित्रकार अरूणा हिङ्माङ, नवोदित कलाकार र कुवेर दाहाल ।

बाइसौं सिम्पल सम्मान २०७६ : गीतकार नारायणप्रसाद आचार्य, प्रशिक्षक दीपक थापा,शिक्षासेवी सङ्गीता श्रेष्ठ,नायिका रेजिना उप्रेती र कलाकार मिठुकृष्ण श्रेष्ठ । तेइसौँ सिम्पल सम्मान २०७७ : साहित्यकार अशोक घिमिरे, लोकगायिका रामदेवी गुरूङ, सङ्गीतकार नरहरि प्रेमी, कलाकार सुशील पोखरेल र शोभित उप्रेती । चौविसौँ सिम्पल सम्मान २०७८: निर्देशक, कलाकार सुवासप्रसाद गजुरेल, साहित्यकार वसन्त रिजाल,गायक तथा सङ्गीतकार भरत भट्ट, प्रधानाध्यापिका शान्तिकुमारी अधिकारी र गीतकार तथा कवि सुशीला पौडेल ।

पच्चीसौँ सिम्पल सम्मान २०७९ : साहित्यकार ललिता दोषी,शिक्षासेवी शेषमणी भट्टराई,कलाकार निर्माता प्रज्ञा जोशी,पत्रकार केशवराज पाठक,र गायिका श्वेता उप्रेती । छब्बीसौँ सिम्पल सम्मान २०८० : कलाकार सरिता लामिछाने, साहित्यकार मधुसुदन प्रसाद घिमिरे, निर्माता एवं वितरक सरोज शर्मा, गायक तथा सङ्गीतकार सूर्य दयालु र शिक्षासेवी केदाप्रसाद तिमल्सिना लाई सम्मानित गरिएको थियो ।

सत्ताइसौँ सिम्पल सम्मान २०८१ : कलाकार मदनदास श्रेष्ठ, गायिका लोचन भट्टराई, शिक्षासेवी शारदा ढुङ्गेल, पत्रकार छविरमण सिलवाल, प्रिन्सिपल ज्ञानेन्द्र भट्टराई र नव कलाकार अञ्जली महर्जन गरी वभिन्न क्षेत्रमा क्रियाशील १४९ जना व्यक्तित्वहरू सिम्पल सम्मानद्वारा सम्मानित भइसकेको जनाइएको छ ।

# मुक्तकका प्रयासहरू : त्यही भट्टीमै दिनरात जिउन पुगेछु



बालिन्छ त्यहाँ सद्भावको दियो, अज्ञानताले निभाउँछ
कहिले त्यही सिरानी नरम कहिले त्यसैले बिझाउँछ
मायाप्रेम सबै झूठा कुरा हुन् तर मेटिन्न प्यास प्रेमको
नदी तिर्खाएर सागर धाउँछ आखिर सागरमै बिलाउँछ ।

**- बालकुमार क्षेत्री**



मन बहलाउन सराब पिउन पुगेछु
थकान भुलाउँदै चोटहरू सिउन पुगेछु
आघात दिलको रोक्ने साधन सम्झेर
त्यही भट्टी मै दिनरात जिउन पुगेछु ।

**- योगेश नेपाल**



सदैव धमिलो भयो किन सङ्लिएन राजनीति
अत्यन्तै कठोर भयो किन पग्लिएन राजनीति
न विचारले चल्छ न त विवेकले देख्छ बाटो
झनै भुइँफुट्टा भयो किन अग्लिएन राजनीति ?

**- अर्जुन अधिकारी**



रिस, घमण्ड सबै हारोस् मायाको जीत होस्
मार्छु भन्ने दुश्मन आजबाट मिल्ने मित होस्
संसार छाड्दा लानु के छ र ? जाने रित्तै हो
आउ हामी दुईको मन सधैं अमृत शीत होस्

**- सरस्वती तिवारी**



आ-आफ्ना पालामा भएका 'उपलब्धिहरू' गन्ने भए
विकास र समृद्धिका 'नायक' आफूहरू नै बन्ने भए
'हामी सदाचारी, जनमुखी र अति नै पारदर्शी भएर
जन चाहनाअनुसार नै यो देश बेचेका हौं भन्ने भए

**- इन्द्रकुमार श्रेष्ठ**



आकाश पाताल जोडेर स्वर्गमा पुर्याउने प्रेम हो
रूखो दिल भित्र बगैंचामा फूल फुलाउने प्रेम हो
मखख नपरे राम्रो हुन्छ महोदय प्रेममा डुबें भनेर
सिङ्गो शान्त मुटुलाई धुजाधुजा फुटाउने प्रेम हो ।

**- मनीषा प्रसाई**



तिम्रो अँगालो नछुटेसम्म धड्कन नछुटोस्
छुटेर तन टाढा जाओस् यो मन नछुटोस्
म चर्किएर हजार चिरा बन्न सक्छु कुनैपल
प्यार अझै प्रगाढ बनोस् यो बन्धन नछुटोस् ।

**- रमा खतिवडा**



भाषणका लड्डुले मुख मिठ्याउँदै भोट दियौ
चुनाव जित कमरेड भन्दै हरिया नोट लियौ
लोक तिम्रो अस्तित्व कहाँ रहेछ सोध्यौ कि ?
जनतानै खराब हुन् भन्ने सुन्दै अन्याय पियौ ।

**- देवी काफ्ले**



नदीले संघर्ष गरेर हो मुढो र झारपात छेउ लाग्यो
अहो ! आज शान्त र सुन्दर तलाउमा लेउ लाग्यो
तनमा आलस र मनमा विलासिताको काँडा उमारेर
आफ्नै मनोरोगले हो विफलता बोक्को भेउ लाग्यो ।

**- गोमा सिटौला**



अरूको घर आफ्नो भन्नु ठुलै भूल हो साथी
झुप्रैको बास किन नहोस् आफ्नै घर जाती
भत्किएको घरवार फेरी जोड्न पाए हुन्थ्यो
सानो सानो मुटु जोडी पारी विशाल छाती !

**- पुष्पा केसी भण्डारी**



आसन सधैं आफ्नो बसमा हुँदैन
शासन सधैं आफ्नो बसमा हुँदैन
समयको कुरा हो अवस्था बदलिरहन्छ
अनुशासन सधैं आफ्नो बसमा हुँदैन ।

**- राधेश्याम लेकाली**



गरेर काम नगरी विश्राम मलाई हुर्कायौं आमा
फुटाएर चट्टाने ढुङ्गा तमाम मलाई हुर्कायौं आमा
मेरो भागको सारा खुशीहरू तिमीलाई मिलोस्
सहेर साउनेझरी अनि घाम मलाई हुर्कायौं आमा

**- विकाश कठेत समर्पण, आसाम**

# भगवतीको विश्वम्भरा



*अरूणबहादुर खत्री*

'विश्वम्भरा' नामक कवितासङ्ग्रह साहित्यकार एवं कवयत्री भगवती बस्नेतको पाँचौ कृति हो । यसभन्दा अगाडि उनको रहर भो जिन्दगी (गजलसङ्ग्रह), प्रेमदह (मुक्तकसङ्ग्रह), मृत सागरमा म (कवितासङ्ग्रह) र मर्दाको माया (कथासङ्ग्रह) प्रकाशित भैसकेका छन् । यस सङ्ग्रहभित्र आमा, माटाको महिमा, नारी प्रतिभा, निर्मला, नेपाल हो सुन्दर, माया लगायत विभिन्न शीर्षकका ५१ कविताहरू रहेका छन् । कवयत्री भगवती बस्नेत मोफसलबाट हुर्केकी नारी हस्ताक्षर हुन् । यस सङ्ग्रहभित्रको पहिलो कविता आमा पढ्दा आमाको स्तुति गर्दछन् । प्रणवले ज्ञानी गुनी सन्तति माताको ममता लिई अघि बढी हामी गरौँ उन्नति भनेको देखिन्छ । बाल्यकालको विद्यार्थी जीवनमा कविता लेख्न थालेकी भगवतीले कविता नलेख्नेहरूलाई सृजनामा उछिनेकी छिन् । कविता लेख्नेहरूसँग रेखा कोरेर प्रतिस्पर्धाको शङ्खघोष गरेर अगाडि बढेकी छिन् ।

नारीको प्रतिभा फुलाउन सकौँ शिक्षा र दीक्षा दिई
श्रद्धाभाव सदा समर्पित गरौँ नारी सुधा सम्झिई
आकाङ्क्षा मनका पुगेर महिला बाँचून् प्रसन्ना भई
दानी श्रीमहिला भला र सफला हाँसून् प्रशंसा लिई




नारीको गरिमा बढाउन सकूँ संसार होस् सुन्दर नारीको महिमा चिनौ हृदयले नारी भनौँ मन्दिर प्रेमका आँगनी शीर्षकको कवितामा भगवती लेख्दछिन् । दिव्य सुगन्ध शीर्षकको कविताले नेपाली जनता सुखी हुन सधैँ खोज्छन् नयाँ पद्धति गर्छन् मान रमी सदा अतिथिको पारी प्रमोदी मति भनेको देखिन्छ । गयो यौवन यो मेरो उनैको सम्झना गरी भयो जीवन यो रित्तो उजाड नगरी सरि सम्झना शीर्षकको कविताभित्र उल्लेख गरिएको देखिन्छ । सरल भाषामा बिम्ब र प्रतीकहरूको प्रयोग गरी लेखिनु यस सङ्ग्रहमा पाइने कविताका विशेषताहरू हुन् । सङ्ग्रहभित्रका ५१ वटा कविताको विषय र प्रस्तुतिमा विविधता देखिन्छ । भावनाभन्दा पनि बिचार प्रबल भएर आएका छन् । साहित्य मानिसको आफ्नै भोगाइ पनि हो । मनका भावहरू कहिले खहरेजस्तै उर्लिन्छन्, कहिले बादल भएर आकाशमा नै सलबलाउँछन् । जब मानिस आफ्ना र आफन्त अनि देशबाट टाढा हुन्छ ऊ आफ्नो मातृभूमिको मायाले उद्वेलित बन्छ । अनि उनका मनभित्रका भावहरू अक्षर बनेर सलबलाउन थाल्छन् । त्यही अवस्थामा कवयत्री भगवती आबद्ध भइरहेकी छिन् । जीवनलाई अनेक कोणबाट हेर्न बुझ्नका लागि पनि मान्छेले आफन्त र आफ्नो ठाउँबाट टाढा हुनुपर्ने रहेछ भन्ने भगवतीलाई भान हुन्छ ।

नारी जागृत पारेर स्नेह सद्भाव भर्दछु
महिला वर्गका कष्ट प्रयत्नले निखार्दछु

कविताले नारी चेतनासँग गाँसिएर जीवनको गतिशीलतालाई देखाएका छन् । कवितामा नारी स्वतन्त्रताको उद्घोष छ । उन्मुक्तताको आकाङ्क्षा र आफूलाई नदी जस्तै प्रवाहशील बनाउने चाहना पनि उनीसँग छ । जे भए पनि परम्परागत रूढतालाई त्यागेर जीवन सापेक्ष आदर्श र यथार्थ भने भगवतीका कवितामा जीवन्त रूपमा आएका छन् । कविता लेखनमा उनको आफ्नै मौलिक भाषाशैली छ । एकताको दिई नारा भावनाभित्र भर्दछ प्रज्ञा र प्रविधिबाट देश पुष्पित पार्दछ, इजरायल शीर्षकको कवितामा भगवती लेख्दछिन् ।

कविता कविको माया गरौँ हामी मिलीजुली
काव्यमा चाहना राखौँ दृखकष्टहरू भुली

प्रेम आकाशजस्तै छ अनन्य अति निर्मल प्रेम प्रसून झैँ दिव्य छ सुन्दर सुकोमल प्रेम शीर्षकको कवितामा भगवती लेख्दछिन् । कवयत्री भगवतीका कवितामा मनहरू पीडा भोग्दै छन् । अपमान भोग्दै छन् । तिरस्कार भोग्दै छन् । अचेल मनहरू लोप हुँदै र भासिदै छन् । सरल र स्वाभाविक भाग सम्प्रेषणका कविताले आफ्नै समाज, संस्कृति र जीवनसंसारको अनुभूति प्रकट गरेको छ । ती अनुभूतिमा हाम्रै जीवनभोगाइ, हाम्रै परिवेश र हाम्रै दृष्टिकोणहरू छन् । प्रत्येक कविताले प्रकृति र जीवनको मीठो संयोजन गरेको छ । कवयत्री भगवती आफूसँगको अभेद्य सङ्घर्षको अर्थपूर्णताले उनको काव्यजीवनमा धेरै नै उथलपुथल मच्चाएको छ । घात-प्रतिघात सँहदै अगाडि बढेकी कवयत्रीका कवितामा जीवन यथार्थ छ ।

तिमी शान्ति देऊ म निष्ठा दिनेछु
तिमी फूल होऊ म माला हुनेछु
तिमी तीर्थ बन्नु रमाएर घुम्छु

कवयत्री भगवती सामाजिक परिवेशमा राम्ररी भिजेकी र सामाजिक कार्यकर्ताका रूपमा समेत अग्रसर रहेकी हुनाले पनि उनमा विषयको कमी देखिन्न । विषयलाई उनले बटार्न, खुम्चयाउन, विस्तार गर्न र समयसापेक्ष चिन्तनमा ढाल्न समुचित ढाँचामै जानेकी छिन् । स्मृतिबिम्ब उनका कवितामा गाढा बिम्ब बनेर आउँछन् । यस सङ्ग्रहभित्र सङ्गृहीत रचनाले सामन्ती सोच, देश प्रेम र भातृत्व प्रेमलाई प्रश्रय दिएर लेखिएको यथार्थपरक रचना हो भन्ने मैले ठानेको छु । कविता भनेको कवितै हो र सधैँ कविताजस्तै रहनुपर्छ भन्ने मेरो स्वबिचार हो । समाजभन्दा पर रहेर कुनै पनि स्रष्टाले सही सिर्जना गर्न सक्तैन जस्तो मलाई लाग्छ । कविको दृष्टिकोण उच्च हुनुपर्छ काव्यमा । नवीनतम पङ्क्तिले नयाँ धर्को कोर्नुपर्छ । कवयत्रीका कविताहरू यस कृतिभित्र बेजोडले कुदिरहेको देख्न पाइन्छ । बहुप्रतिभाशाली भगवती बस्नेतको काव्यिक यात्रा पनि द्रुतगतिमा अघि बढ्न खोजेको देखिन्छ । बिरानो पथको यात्रीका पाइला कहिले सलल्ल पनि बग्न सक्छ र कहिले कतिपय बाधाअड्चनले रोकिन पनि सक्छ । कवयत्री भगवतीका कविता नयाँ हुँदाहुँदै पनि पटक्कै नयाँ लाग्दैनन् ।

दुरा जातिलाई दया गर्नुपर्छ
दुराचार छाडी गुणी बन्नुपर्छ
पुराना कुरा भावमा भर्नुपर्छ
सुरामान पर्ने कठै ठान्नुपर्छ

यस सङ्ग्रहभित्र कवयत्री भगवतीले विभिन्न छन्द प्रयोग गरेकी छिन् । शार्दूलविक्रीडित र अनुष्टुप छन्दका कविता रहेका छन् । छन्द प्रयोगकै सन्दर्भमा कवितामा अनुप्रास, श्लेष, यमक, उत्प्रेक्षा, दृष्टान्त, स्वभावोक्ति, लोकोक्तिलगायतका अलङ्कार र वीर, शान्त, रौद्र, शृङ्गार, करूण, अद्भुतल रसको पनि प्रयोग भएको देखिन्छ । कविता ज्यादै मार्मिक र पढ्न योग्य छन् । आगामी दिनमा उनका थुप्रै कृतिहरू प्रकाशित भईरहुन् शुभकामना छ ।

कृतिकार: भगवती बस्नेत, प्रकाशक: नइ प्रकाशन
कृति: विश्वम्भरा (कवितासङ्ग्रह)
प्रथम संस्करण: २०७९, मूल्य: रू. ३००।-, पृष्ठ: १२८





| | | |
|---|---|---|
| सम्पादक/प्रकाशक | | राजन कार्की |
| Editor/Publisher | | Rajan Karki |
| सह-सम्पादक | : | शाश्वत शर्मा |
| अनलाइन प्रविधि | : | उत्तम राज |
| कानुनी सल्लाहकार | : | शिवप्रसाद सिग्देल |
| मुख्य व्यवस्थापक | : | कृष्णकुमार कार्की |
| व्यवस्थापक | : | दिलकुमार कार्की |
| मुद्रण | : | तारा प्रिन्टर्स, कलंकी |

गोरखा एक्सप्रेस साप्ताहिक
कामपा १४, कलंकी, काठमाडौं
मो. : ९८५१०२७०८९ फोन : ४३१२०८४
E-mail : rajan2012karki@yahoo.com
nepaltod@gmail.com
Online : www//nepaltoday.com.np




# बुढोपुस्ता असफल भयो, युवापुस्तालाई यो छुट छैन

लामो समय भयो, वर्तमान पुस्ताले सत्तामा ढलीमली गरेको छ । सिंहदरवार र शितलनिवासमा रजगज गरेको । यिनले कुन आशा र विश्वास दिलाएर सत्तामा पुगेका थिए, परिवर्तन गरेका थिए । यिनले ती आशा र विश्वासलाई आफैले कसरी कुल्चिए । परिवर्तनबाट देश र जनताले के पाए ? जे दिन्छु भनेका थिए, लामो समय सत्तामा रहेकाहरूले किन दिन सकेनन् ? किन अपराधीजसरी जनताको आँखासँग आँखा छलेर सुरक्षाघेरामा सुरक्षित भएको नाटक गरिरहेका छन् । यिनको आत्मालाई थाहा छ, जनता खुशी छैनन् । देशमाथि धोका दिएकै हो । जनताले विश्वास दिए, जनबल दिए, त्यसको दुरूपयोग गरेकै हो । आफूले आफ्नैं आत्मा ढाट्न नसक्नेहरू आज पनि सत्तामा छन् । जसरी सिक्किमका लेण्डुपले जनताको घृणामा जीवनका अन्तिम दिनहरू गुजारे र जनताको घृणा इतिहासमा कालोधब्बा बनेर रहेको छ, त्यसतिर नेपाली नेतृत्वको ध्यान नजानु यिनको दुर्भाग्य हो ।

नेतृत्वमा पुगेपछि इतिहास रच्नुपर्छ । कीर्ति छाड्नुपर्छ । पुस्तौंपुस्ताका लागि उदाहरण बन्नसक्नुपर्छ । वर्तमानमा सराप बनेका र भविष्यका लागि सारप बनेर बाँच्नु भनेको जिउँदैमा पलपल मर्नु र मरेपछि पनि मरिरहनु हो । राजनीतिले बाँच्न सिकाउनु पर्ने हो, हाम्रा नेताहरू जनताको नजरमा बाँच्दैमा मरेका छन्, मरेर पनि मरिरहने छन् । किन यसरी कलंकित हुन आतुरता देखाएका होलान् ?

बुढोपुस्ता अर्थात जो ०४६ सालदेखि सत्तामा छ, देश हाँकिरहेको छ, असफल भयो । बुढोपुस्ता असफल भएकोमा कुनै सन्देह छैन । बुढोपुस्ता अझै सत्तामा छ, लोकतन्त्र र परिवर्तनको गुड्डी हाँकिरहेको छ । गुड्डी हाँकेर देशमा सुशासन हुने होइन रहेछ । सुशासनका लागि चरित्र चाहिन्छ । बुढोपुस्ता यति गनाइसक्यो कि चरित्रहीन भएको छ । राजनीतिमा धर्म हुन्छ, यसकारण सबै नीतिहरूको राजा मानिन्छ । देशमा भइरहेको राजतन्त्र र हिन्दुराष्ट्र फालियो, किन फालियो ? यसको समुचित जवाफ कसैले दिएका छैनन्, औचित्य पुष्टि गर्न सकेका छैनन् । परिवर्तन भयो, नयाँ नेपाल बनाउने भन्नेहरू १८ वर्षदेखि भएको नेपाललाई सिध्याउने कर्म गरिरहेका छन् । राजनीति धर्म होइन, अपराधकर्म हुनपुगेको छ । परिवर्तनले दिनुपर्ने सुशासन हो, नीति, सिद्धान्त र नैतिकताको उदाहरण हो । यी सबै कुरामा बुढोपुस्ता पूर्णतः असफल भएको छ । न नीति रह्यो, न सिद्धान्त । न नैतिकता नेतृत्वमा देखियो, न सुशासन नै दिन सके । कुशासनको रोग यति क्रोनिक भइसक्यो कि सुधार गर्न नसके देशलाई नै समाप्त पारिदिने खतरा ह्वात्तै बढेर गएको अनुभूत हुँदैछ ।

युवापुस्ता विदेश पलायन हुन दौडादौड गरिरहेका छन् । यथार्थ के हो भने बुढोपुस्ता असफल भइसकेपछि युवापुस्तालाई असफल हुने छुट हुँदैन । जो विदेश पलायन भइरहेका छन्, उनीहरू फर्कनुपर्छ । जो विदेश जान आतूरता देखाइरहेका छन्, तिनीहरू थामिनुपर्छ । जो युवा राजनीति र समाजमा योग्य छन्, तिनीहरूलाई असफल हुनेछुट छैन । ती युवाजमात जो जता हुन्, नेपाली हुन् र तिनीहरूले आफ्नो योग्यता देखाउनैपर्छ । कतिपय युवाहरू आफ्नो योग्यता देखाइरहेका छन्, आफ्नो जागरूकता प्रदर्शन गरिरहेका छन् । यो खुशीको कुरा हो । जो युवा योग्य छन्, तिनलाई नेपालको इतिहास थाहा छ, भूगोल बुझेका छन् । कुन दुःखले यो मुलुक आर्जेको हो, राम्ररी इतिहास पढेका छन् । देशको भविष्य भनेका यिनै युवा हुन् । यिनैले आफूपछिको पुस्तालाई पनि योग्य बनाउनुपर्छ । बुढोपुस्तालाई थन्क्याएर देशको नेतृत्व लिने तत्परता देखाउनुपर्छ । बुढो पुस्ताले यिनै युवापुस्तालाई सत्ता हस्तान्तरण गरेर बिराम लिनुपर्छ । हिजो साबुत नेपाल थियो, आज संकटमा फसेको र भूगोल च्यातिन थालेको छ । युवा पुस्ताले भएको नेपाललाई बुझेर आगामी पुस्ताका लागि ठिकठाक पारेको राष्ट्र बुझाउने दायित्व निर्वहन गर्नुपर्छ । यही ऐतिहासिक दायित्वले वर्तमान युवाजमातको योग्यता प्रमाणित गर्नेछ ।

# विवेकहीन मूर्दातुल्य नेतृत्वको शब बोकिरहने ?




***नेतृत्वमा दोष छ । त्यो दोष देखेर पनि देखाउन नसक्ने नागरिक समाज, प्रेस, बुद्धिजीवीहरूको विवेक मर्दा राष्ट्र मर्दै गएको छ । राष्ट्र बचाउने विवेकले हो । सवाल यत्ति हो कि हामी यो मुर्दातुल्य राजनीति, नेता बोकेर कहिलेसम्म मलामी गइरहने ?***

स्वराज, स्वतन्त्र र सार्वभौम राष्ट्र कसरी कमजोर बन्दै जानेरहेछ, मैनबत्ती पग्लेजसरी सिद्धिदै जानेरहेछ । यसको ताजा उदाहरण नेपाल हो ।

विश्वकै पुरानो र जेठो मध्येको राष्ट्र, कहिले कसैको अधीनमा नपरेको राष्ट्र, वीरताको गौरवगाथा भएको राष्ट्र, आज चरित्रहीनहरूका कारण गएगुज्रेको हालतमा पुगेको छ ।

चारा हाल्नेहरू, हालिरहेछन् । लालच फाल्नेहरू फालिरहेका छन् । लोभी स्वार्थी नेताहरू लालचको जालमा फसिरहेका छन् । देशको सुरक्षा र नागरिकको अस्तित्वको कसलाई चिन्ता छ र ? यसकारण त राष्ट्र सकसमा छ, जनतामा सकस बढ्दै गइरहेछ ।

राष्ट्र सङ्कटमा छ, राष्ट्रिय सङ्कटमा राष्ट्रिय पार्टीहरू बहसमा जुट्नुपर्ने हो, निकास कसरी निकाल्ने र राष्ट्रिय अस्तित्व कसरी बचाउने भनेर एकतावद्ध भएर लाग्नुपर्ने हो । त्यस्तो सम्भावना देखिदैन । हरेक पार्टी सत्ता र शक्तिको खोजमा छन् । हरेक नेता मन्त्री र सांसद भएर आ-आफ्नो शक्ति बचाउ चिन्तामा मात्र छन् ।

सहकार्य र सहमतिको गुहारको कसैमा चिन्ता र चासो छैन ।

रूस र युक्रेनको युद्ध जारी छ । अमेरिकाले युद्ध रोक्न युक्रेनको विरूद्ध र रूसको पक्षमा राष्ट्रसंघमा मतदान गर्दा विश्व आश्चर्यमा परेको छ । यतिमात्र होइन, अमेरिकाले युक्रेनका राष्ट्रपतिलाई अमेरिका नै निम्त्याएर जुन प्रकारले डिल गर्न खोज्यो, त्यो दृश्य विश्वका लागि नवौं आश्चर्य हो । यस घटनामा फेरि एकपल्ट प्रष्ट भयो- कूटनीति र राजनीतिमा गरेको सहयोग सित्तैमा, निस्वार्थ हुन्न । ढिलाचाँडो प्राप्त सहयोगको मूल्य चुकाउनै पर्छ ।

यसअघि रूसले क्रिमियामा हमला गरेपछि र राष्ट्रसंघमा भिटो लगाएपछि नेपालजस्ता साना मुलुक आतङ्कित हुनु स्वभाविक हो । रूसको शैलीमा भारतले नेपालमा आक्रमण गर्‍यो भने नेपालको हबिगत के होला ? यसको सङ्केत नाकाबन्दीको समयमा र नेपालका लिपुलेक, कालापानी क्षेत्रलाई भारतले जबरजस्ती भारतीय नक्सामा हालेकोमा विश्वजगतले न्यायको पक्षमा, बिस्तारवादको बिपक्षमा नबोलेर नेपाललाई तर्साइसकेका छन् । चीनले कैलाश मानसरोवर धार्मिक यात्राका लागि भारतसँग नेपालकै लिपुलेकबाट राजमार्ग खोल्न र व्यापारसमेत गर्न गरेको सम्झौता नेपालका लागि कहालीलाग्दो परिदृश्य हो । तथापि सहज देखिन्छ ।

अर्को आश्चर्य, नेपालका नीतिकार, सत्ताधारी, राजनीतिकर्मी सबैले अस्तित्वहीन बनेर जिब्रो तालुमा टाँसेर बसेका छन् । अचम्म लाग्छ ।

आफूलाई लोकतन्त्रवादी, स्वाधीनतावादी बताउने नेपालका पार्टी, नेता, बुद्धिजीवी, नागरिक समाज केही अत्तोपत्तो नभएजसरी बसेका छन् । मानौं यिनको विवेक मरेको छ, भारतको हेपाह प्रवृत्तिबाट नेपाली संचेतना मरेको छ । चीन र भारतले नेपालका विषयमा भाग शान्ति जय नेपाल गर्ने खतरा बढेर गएको छ । भूराजनीति, अमेरिकी नीति र अन्य कारणले नेपाल रणनीतिक मैदान बनेको छ । सन्तुलनमा राख्नसक्ने ल्याकत र अक्किल नहुँदा नेपाल डरलाग्दो भूमरीमा फस्दैफस्दै जाँदो छ ।

विवेकहीनहरू चूपचाप छन् । विज्ञ विशेषज्ञहरू बोल्दैनन् । राजनीति अपराधिकरण र स्वार्थी बनेको छ । यो देख्दा लाग्छ, यी पञ्चमाङ्गीलाई भुटान वा सिक्किम नै बने पनि खासै फरक पर्दैन । मात्र तिनलाई मीठो लाग्छ, दिल्लीको बासमती चामलको बासी भात । अन्य मुलुकले दिने दानदातव्य र अवसर ।

हो, सिरिया, यमनको युद्ध नेपालीले देखेका छन् । इजरायल प्यालेस्टाइनको बर्बादी पनि देखेका छन् । युक्रेनको हालत के हुने हो ? त्यो पनि अनुभव गरेका छन् । अफगानिस्तानमा निर्वाचित राष्ट्रपति भागेको र जनताको हरिबिजोग पनि देखेका छन् । यी सबै घटनाक्रम देखेकाहरू भन्छन्- नेपालमा केही नहुन्जेल केही पनि हुँदैन । भइहाल्यो भने केही पनि बाँकी रहन्न । उनीहरू बिदेशी धाप र काखमा न्यानो अनुभूति गर्नेहरू लेण्डुप दोर्जी हुन् । जसको राजनीतिक र सामाजिक भविष्य घृणाको पोखरीमा डुबेर मर्नु हो ।

युक्रेनका राष्ट्रपति भोलोदभीर जेलेन्स्की चिच्याइरहेका छन्, मलाई भाग्नलाई सवारी साधन चाहिएन, रूससँग लड्नका लागि हतियार चाहियो । नाटोका ३२ राष्ट्रसँग उनी मद्दत माँगिरहेका छन्, कसैले सहयोग दिएनन् । जसले साथ दिन्छु भनेको थियो, कसैले साथ दिएन, युक्रेन एक्लै युद्धमैदानमा लडिरहेको छ । अब अमेरिकाले सहयोग दिने तर हतियार नदिने कुरा गरिसक्यो । युद्धबिराम पहिलो शर्त भनिसक्यो । युक्रेन अप्ठेरोमा पर्दै गएको छ । नाटोमा संलग्न हुनपनि नसक्ने अवस्थामा छ । यस्तै गम्भीर माखेसाङ्लोमा परेको छ नेपाल ।

नेपाल पटक पटक सङ्कटमा फस्यो, अहिले पनि राष्ट्रिय सङ्कटमै छ, तर लड्ने एकता छैन, स्वाधीनता बचाउने नेतृत्व छैन । नेपाली नेताहरूमा अस्तित्वको चेत र स्वतन्त्रतासँग बाँच्ने साहस छैन । कायरले लड्न सक्दैनन्, हेर्ने हो । हेरिरहेका छन् । त्यसैले त नेपाली भूमिसमेत नेपालसँग रहेन । नेपाललाई किन असंलग्नता चाहिन्छ, युक्रेन र रूस, इजरायल र प्यालेस्टाइनको युद्धले सिकाएको हुनुपर्ने हो । हिमालयसम्म भारतीय सीमा हो भन्ने पटेल प्लान र तिब्बत नछुट्याएसम्म निन्द्रा नआउने पश्चिमाको रणनीति नेपाली लोकतन्त्रले कहिले बुझ्ने ? शक्तिराष्ट्र छिमेकी भएपछि र शक्तिराष्ट्रले भूराजनीतिमा रणनीति स्थापित गरेपछि साना राष्ट्रको सार्वभौमिकता भनेको तिनका लागि गोलभेडाको अचार हो ।

अणुवमले खरानी भएको जापान आज सम्पन्न भयो । यो सम्पन्नता जापानी जनताको स्वाभिमानले निर्माण भएको हो । रछ्यानमा फालिएको भातका सिता टिपेर ज्यान पाल्ने कोरिया भलै बिभाजित भयो तर दुबै कोरिया स्वाभिमानका कारण विकसित भएका छन् । कुनै दिनको मगन्ते दक्षिण कोरिया नेपालका एकलाख युवालाई रोजगार दिनसक्ने अवस्थामा पुगिसक्यो भने उत्तर कोरिया प्राकृतिक प्रकोपमा बर्षेनी पीडावोध गरेर खाद्यान्न संकटमा परे पनि विश्वशक्तिसँग पौठेजोरी खोजेर सार्वभौमिकता बचाइरहेको छ । स्वाभिमानले उठ्छ देश । राष्ट्रियताले जोगिन्छ राष्ट्र । नेपालमा त्यो प्रकारको जागरूकता खोई ?

वीरको देश नेपालको दयनीय हविगत देख्दा हामी नेपालीलाई नै पश्चाताप हुन्छ । हामी फुर्सदिलो बनेर पश्चाताप गर्न सक्ने तर हस्तक्षेप गरेर चुकेका अवस्थाहरूलाई सुधार्न नसक्ने छौं । नेपालीलाई थाहा छ, नीति, नैतिकता र सिद्धान्त बगार्ने र अवसरवादमा चुर्लुम्मै डुब्ने नेतृत्वका कारण नेपाल पछाडि परेको हो । विश्वले आज नेपाललाई भ्रष्ट मुलुक भनेर चिन्छ । अमेरिकी राष्ट्रपति ट्रम्पले त आफूले दिएको सहयोग ठगी भनिसके, सहयोग रोकिसकेका छन् । नेता बिक्री हुने र पैसा फाले पछि नेतृत्वबाट, प्रशासकबाट जस्तोसुकै निर्णय गराउन सकिन्छ भन्ने तरिकाले विश्वले चिन्छ, बदनाम हुँदैछ नेपाल ।

नेपालको स्वराज, स्वाधीनता, सार्वभौमिकता यसकारण कमजोर देखिन्छ । आमनागरिकमा राष्ट्रवाद भरिपूर्ण छ, नेपाली जाति वीर जाति हो तर न राष्ट्रवाद फुल्न सक्यो, न वीरताले देश बन्नसक्यो । देशलाई यसरी बदनाम गराएका राजनीतिक नेतृत्वले हो । चेतनशीलहरूको मौनताले हो ।

नेताहरूले भूराजनीतिक महत्वलाई राजनीतिले बुझ्न सकेनन् । राजनीतिले बाटो बिराएपछि कूटनीति बिग्रने रहेछ । नेपाल यतिबेला पथभ्रष्ट भएको युवाको नियति भोगिरहेको छ । के छैन नेपालमा । प्राकृतिक साधनस्रोतमात्र होइन, सम्पदाले पनि भरिपूर्ण छ । संस्कृति र संस्कारले पनि सम्पन्न छ । तर आफ्नै नाभीमा अमरत्व बोकेर मगन्ते बनिरहेछ देश । यसको जिम्मेवार नेतृत्व हो, जसले नेपाली समाजलाई आ-आफ्ना गुटमा विभाजित गरेर राष्ट्रियतालाई अस्तित्वको सङ्कटमा धकेलिरहेका छन् । राष्ट्रिय एकता भताभुङ्ग पारिरहेका छन् ।

माओवादी जनयुद्धकालमा सल्लाहकार रहेछन्, भारतका तत्कालीन राष्ट्रपति प्रणव मुखर्जी । यतिबेला यो खुलासा सामाजिक सञ्जालमा भाइरल बनेको छ । जुन दिन अतिवाद र प्रजातन्त्रलाई भरिया बनाएर दिल्लीले १२ बुँदे दिल्ली सम्झौता बोकाएर पठायो, त्यो दिनदेखि नेपालको उँधोयात्रा तय भएको हो । यसरी विश्लेषण गर्दा हाम्रो लोकतन्त्रलाई लाहुरे लोकतन्त्र भन्दा फरक पर्दैन । लोकतन्त्रमाथि तोरीलाहुरेहरू छपक्कै छाएपछि त लोकतन्त्र अन्धाका लागि हात्तीछापेजस्तो हुनु स्वभाविक हो । लाहुरेको शासन लाहुरेतन्त्र हुन्छ, लाहुरेतन्त्रमा लाहुरको हैकम, हस्तक्षेप, जबरजस्ती देखिनु अस्वभाविक होइन । नेतृत्व त विदेशी हैकमको गुलाम रहेछन्, गुलामहरू स्वतन्त्र हुँदैनन् । गुलामको अस्तित्व हुँदैन ।

वर्तमान नेपाली राजनीति र कूटनीति विदेशीको जालोमा परेर छटपटाएको अवस्थामा छ । यो दुःखद पक्ष हो ।

नागाबाबा र शासक प्रशासक उस्तै लाग्छन् । लज्जा पनि लज्जित हुनेगरी लोकका नेता कति नाङ्गिन सकेका ? आम नागरिक सडकमा ज्यान फाल्न तैयार छन्, सत्तामा बस्नेहरू आफ्नै कार्यकर्तामाथि सत्ताको दमनचक्र चलाइरहेका छन् । अनेक जिब्रा र अनुहार भएका नेता देखिनु इन्द्रजाल खेल्ने खेलाउने चटकेजस्ता लाग्छन् । चटकेका लागि चटकको भ्रममा पारेर दर्शकलाई मोहित पार्नु र लाभ लिनुको उद्देश्य रहन्छ । नेपाली नेतृत्व जनता जनता भिडाएर, उफारेर लाभ लिइरहेका छन् । कठै वीरका देशको कन्तबिजोग छ ।

सम्पत्तिमा रमाउने, सत्ता र शक्तिमा खेल्ने र जङ्गली आवरणलाई सुकिलो लुगा र हँसिलो अनुहारमा रूपान्तरण गरेपछि यिनीहरू सिंहदरवारको बेलायती बैठकमा रङ्मङ्गिरहेका छन् । त्यो चमकदमकबाट बाहिर निस्केर गरिखाने बर्गलाई हेर्ने फुर्सद यिनमा कहिले देखिएन । सिंगापुर र सम्पन्नता, समानताको नारा लगाएर नथाक्ने यिनलाई थाहा छ : स्वीट्जरलैण्डको प्रतिव्यक्ति आय ३० हजार डलर छ, सिंगापुरको २५ हजार । नेपालीको आय ३ सय पनि छैन । ८० प्रतिशत जनता एकछाक भोकै बस्छन् भन्दा नेताहरूलाई हीनताबोध हुँदैन । १८ वर्षमा सयौं पार्टी खोल्नेहरू छन्, यिनले यही अवधिमा ३० हजार उद्योगधन्दा किन बन्द गराए ? नयाँ रोजगारीको सिर्जना गर्नै सकेनन् । युवा निकासी उद्योग खोलेर रेमिटान्सबाट सरकार चलाइरहेका छन् । हिजो कृषि प्रधान देश थियो, त्यसपछि हरियो बन नेपालको धन भनियो । राजनीति र कूशासनको भ्रष्टाचारले कृषि र बन धरासायी भएपछि प्रकृति र पर्यटनलाई नेपालका लागि बरदानको आधार मानियो । जनयुध्द र अस्थिरताको प्रहारले राष्ट्र छिया-छिया भएपछि जलस्रोतलाई सेतो सुन भनिदैछ । २००८ सालमा कोसी, २०१६ सालमा गण्डकी, २०५२ सालमा महाकाली र २०६३ सालपछि बुढी गण्डकी, कर्णाली र सेतीजस्ता ठूला-ठूला नदीनालामा भारतको हैकम स्थापित गर्नपुग्यौं । जलस्रोतमा ब्राजिलपछि विश्वको दोस्रो धनी देश त हो तर नेपाल यही सपनामै रोकिएको छ ।

यतिमात्र होइन विश्व सम्बन्ध अविश्वसनीय हुने खतरा बढेर गएको छ । नेपालको कूटनीति दुर्घटनामा परिसकेको छ । समस्या नेपालको, पश्चिमा राजदूतहरू बैठक गरी गरी दबाब दिइरहेका छन् । नेपाली नेताहरू सही निकासका लागि सँगै बसेर छलफलसमेत गर्न सक्दैनन् । विवाद बढाएर घर, सडक, समाजदेखि देशैभरि आँधीहुरी सिर्जना गराइरहेका छन् । सडक र संसद आमने सामने पारिएको छ । लाग्छ, नेपालमा विश्वशक्ति ध्रुविकृत हुँदैछ । नेपाली साधनमा सिमित हुँदैछन् ।

अमेरिका १७७६ मा स्वाधीन भएको हो, आजको नेपालीका लागि स्वर्ग हो । १८६० मा दासप्रथाबाट उन्मुक्ति पाएको अमेरिका कहाँबाट कहाँ पुग्यो ? कहिल्यै उपनिबेश बन्नु नपरेको नेपाल 'बहादुर' 'कान्छा', 'आतंककारी', 'गार्ड', 'कमारो', 'श्रमिक' बाट 'भरौटे'को स्तरमा झरिसकेको छ । अन्य मुलुक स्वाभिमान जगाएर उठ्छन्, हामी धुरी बालेर खरानी बेचिरहेका छौं । अरू सभ्यता अँगालेर माथि उठ्छन्, नेपाल लोकतन्त्रको आवरणमा असफल हुँदैछ, हाइटी वा सोमालिया हुँदैछ । हाइटी त्यो देश हो, जहाँका जनताले दुभालियरजस्ता भ्रष्ट नेता र उनका आज्ञाकारी प्रशासकहरूलाई शोषण गर्न र निरङ्कूशतन्त्र चलाउने छुट दिएर रसातल पुगे । त्यो हाइटी र यो नेपाल बीच फरक नै कति बाँकी छ र ?

१ सय ४३ करोड जनसंख्या भएको भारतमा ४४५ जना सांसद छन्, ३ करोड जनता भएको नेपालमा २७५ । संघीयता भनेर ६७१ सरकार बनाइयो । कुनै सरकार पनि सफल भएनन् । यी सरकारहरू पार्टीका कार्यकर्ताहरूलाई जागीर दिने र भ्रष्टाचार गर्ने अखडा बनाइयो । गरीबी हटाउनु पर्नेमा गरीब बढाइयो, सामन्ती संस्कार हटाउनु पर्नेमा सामन्त उत्पादन गरियो, समानता र सर्वहाराका लागि न्यायपूर्ण समाज भनियो, तिनै बर्गलाई कागती निचोरेझैं निचोरियो । देशमा भ्रष्टाचारका ठूला ठूला काण्डहरू घटे, बलात्कार र हत्याका वारदातहरू भए, संवैधानिक निकायहरूमाथि पार्टीकरण गरियो । नेपालमा लोकतन्त्र टिनको पातामा लखेर झुण्ड्याएको साइनबोर्डमात्र छ । दण्डहीनता र बिधिहीनताको तथ्याङ्कले यसै भन्छ । लोकतन्त्रमा बेइमानहरूको रजगजले यस्तै परिदृश्य देखाउँछ ।

नीति र नैतिकतामा चल्ने पद्धति हो लोकतन्त्र भनेको । हाम्रा नेताहरू आफू अनुकूल लोकतन्त्रमा विश्वास राख्छन् । यिनको लोकतन्त्रको परिभाषा ताक परे तिवारी हो । लोकतन्त्रको सामान्य र राष्ट्रियताको सर्वमान्य सिध्दान्तमा यी नेताहरू एकमत छैनन् । राष्ट्र र जनहित जेसुकै होस्, बिमति राख्छन्, आरोप प्रत्यारोपको महाभारत खडा गर्छन् अनि सत्ताको भागबण्डा लगाउने र भाग शान्ति जय नेपालमा सहमति खोज्ने, यिनको लोकतन्त्र यही हो ।

नेतृत्वमा दोष छ । त्यो दोष देखेर देखाउन नसक्ने समाज, प्रेस, बुद्धिजीवीको विवेक मर्दा राष्ट्र मर्दै गएको छ । राष्ट्र बचाउने विवेकले हो । सवाल यत्ति हो कि हामी यो मुर्दातुल्य राजनीति बोकेर कति मलामी गइरहने ?

# कूटनीतिको दृश्य परिदृश्यहरू



सुरेशकुमार पान्डे

भनिन्छ- कूटनीतिमा केही पनि सित्तैमा हुन्न ।

कूटनीतिका फादर मानिएका Richelieu and Guicciardini को मान्यता यही हो । भनिन्छ-

Diplomacy is the art, the science, and the means by which nations, groups, or individuals conduct their affairs, in ways to safeguard their interests and promote their political, economic, cultural or scientific relations, while maintaining peaceful relationships.

four principles of diplomacy: negotiation, communication, building relationships and promoting interests. These principles serve as the foundation for effective diplomatic interactions, facilitating peaceful resolution of conflicts and promoting international cooperation.

अमेरिका र युक्रेनवीच जे भयो, जे भइरहेछ, यिनै कूटनीतिक भूमरीका परिदृश्य हुन्, यही बुझ्नुपर्छ । हिजो रूसको बिरूद्धमा यूक्रेनलाई उक्साएर लडाउन सहयोग गरेको अमेरिका आज यूक्रेनको बिरूद्धमा राष्ट्रसंघमा उभिन पुग्यो । आज त्यही अमेरिका हो जसले यूक्रेनका राष्ट्रपतिलाई अमेरिका निम्त्याएर उचित इज्जत दिएन ।

यसबाट के पुष्टी हुन्छ भने कूटनीति राष्ट्रको लाभका लागि हुन्छ । अरूलाई आपसमा लडाएर भिडाएर राष्ट्रिय स्वार्थ हेरिन्छ । साम्राज्यवादले स-साना देशहरूलाई आफ्नो मूट्ठीमा राख्नखोज्ने, अन्धाधुन्ध हातहतियारको निर्यात गर्ने र विश्वस्तरमै आतङ्क फैलाउन प्रोत्साहन गर्ने बिचार बोकेका हुन्छन् ।

समाजवादी बाटो न छोपेका पुजिवादहरूको अन्तिम गन्तब्य भनेको यही साम्राज्यवाद हो । पुँजिवादीहरूले साम्राज्यवादको दलालि गरेर आफुलाई सुरक्षित ठानेपनि उनिहरू झन ठुलो खतराको सामना गर्नुपर्ने हुन्छ ।

आज अमेरिका विश्वमा माहाशक्तिको रूपमा देखिएको छ । जसले अफगानिस्तानमा बीश वर्ष सम्म सहयोग गर्‍यो र त्यहाँ आफ्नो कटपुतली सरकार चलायो । दुई दशकसम्म त्यहाँका जनताहरूले स्वतन्त्रताको लागी संघर्ष गरे । उसैले इरान र इराकलाई लडायो, तेलको भण्डारमा आफ्नो नियन्त्रण गर्न कुवेतलाई आफ्नो आघोसमा संरक्षणमा राख्ने प्रयत्न गर्‍यो । अन्तिममा इराकको राष्ट्रपती सद्दामहुशेनलाई त्यहाँ हुँदै नभएको बिनासकारी आणविक हतियारको बहानामा देशलाई कब्जा गरेर तहसनहस बनायो । सद्दाम हुसेनको सपरिवारलाई मरायो । सद्दाम हुशेनलाई ३० दिसम्वरमा फाँसी दिइएको थियो । सद्दाम हुशेन न निहुरिएकै कारण फाँसीमा झुण्डिनु परेको थियो । अमेरिकाले सिकारीहरूले झैं आफ्नो सिकार मार्न चारो हालेको जस्तै अमेरिकाले आर्थिक सहयोग दियो र सखाप पारिदियो ।

उसको निशाना पाक समेत थियो तर त्यो सफल हुनसकेन । पाकिस्तान् आत्मानिर्भर भएकोले उस्को केही लागेन । ओसामाविन लादेनलाई पाकिस्तानमा घुसेर में २-२०२१ मा मार्‍यो । ओसामा विन लादेन स्वयम अमेरिका आफैले बनाएको हुर्काएको आतङ्कवादी भनिन्छ । पेरू भियाली देशमा चलेको नौलोजनवादी क्रान्तिका धुरीखाँबो मानिने डा.म्यानुरूवल रूवेन अभिमियाल गुज्मान (गोञ्जालो) लाई मात्र नभइ पुरै क्रान्तिकारी पार्टीलाई तहसनहस पार्न सफल भयो ।

गोञ्जालो झुक्दै झुकेनन् र उनले जेलभित्रै मर्नुपर्‍यो ।

अमेरिका सहयोग गर्छ, कूटनीतिक स्वार्थमा धक्का लाग्नासाथ कुनै न कुनै आरोपमा आक्रमण गर्ने गर्दछ । अहिले डोनाल ट्रम्पले नेपाललाई आर्थिक सहयोग रोक्ने निर्णय गरेकाछन् । उनि ह्वाइट हाउस फर्किएको एक महिना भयो । पहिले किन सहयोग दिए, अहिले किन रोके ?

ट्रम्पले संघीय सरकारको पुन: निर्माण गर्ने, विभिन्न क्षेत्रमा व्यापक आर्थिक कटौती गर्ने, अमेरिकी नीतिलाई पुन:परिभाषित गर्ने पाइला चालेकाछन् । अहिले उन्ले यूक्रेनी राष्ट्रपति भोलोदोमिर जेलेन्स्कीलाई तानाशाह भन्नेदेखि तेस्रो विश्वयुद्ध गराउन खोजेको, आइभिएफलाई सुलोभ बनाउने तथा उच्च सैन्य अधिकारीलाई बर्खास्त गर्नेसम्म कदम चालेकाछन् । हिंजो जेलेन्स्कीलाई उचालेर रूससँग युद्ध भड्काएको अमेरिका आज उसैको खिलाफ उभ्भिएको छ ।

रूसले सन् २०२२ फर्वरीमा पूर्ण स्तरको आक्रमण सुरूगरेको हो । गत मङ्गलवार नै अमेरिका र रूसी अधिकारीहरूले युक्रेन युद्ध सुरू भएपछि पहिलो पटक प्रत्यक्ष रूपमा उच्चस्तरिय वार्ता गरे । त्यसमा युक्रेनलाई निमन्त्रण गरिएन । शीर्ष अमेरिकी अधिकारीहरूले साउदी अरबमा मस्कोका समकक्षीलाई भेटेका हुन् । वार्ताले आक्रमणको सामना गरिरहेको युक्रेनलाई किनारा लगाइने डर पैदा भएको थियो । भयो त्यस्तै ।

अमेरिकाले विश्वका तमाम देशहरूमा आफ्नो बिचार लाद्ने र नमानेपछि पनि लागु गर्न दवाब सिर्जना गर्ने गर्दै आएको छ । नेपालमा एमसीसी लागु गराउन देशलाई ठुलो दवाब सिर्जना गरायो । त्यो परियोजना दियो । अहिले त्यही एमसीसीको किस्तलाई र आफुले दिंदै आएको अनुदान रोकेर नेपाललाई दु:ख दिने प्रयासमा ट्रम्प छन् । स्मरणीय छ, यो परियोजना माओवादीको सरकार भएको बेला मागिएको थियो, ट्रम्प सत्तामा थिए, उनैले स्वीकृत गरेका हुन् ।

उसले दिने सहयोग भन्दा पनि उसले दिईसकेको रकमलाई फिर्ता दिन आएको दवाबले आउने दिनहरूमा देशलाई सङ्कटमा पुराउने छ । एमसीसीको सहयोग रोकियो भने अर्को अप्ठेरो पर्नेछ ।

हाम्रो देशका शाशकहरू धेरैजसो लोभी अदुरदर्शी र भिजन नभएकालाई खेलौना बनाएर विदेशीहरूले अनेक प्रकारका प्रलोभन दिएर देशको सार्भौमिकता र अखण्डतामाथि लगातार आक्रमण हुँदै आएको छ । भइरहेको छ ।

त्यो सङ्घीयतालाई चोर ढोकाबाट भित्राएपछि देशमा आएको गणतन्त्र संस्थागत हुन नसकेको र त्यही सङ्घियतामा उल्झाएर देशको दुरगती निम्ताएकोले अहिले देश अत्यान्तै जटिल अबस्थामा पुगेको छ । सरकारले गलती बाट शिक्षा लिनुको सट्टा विकास भएको र देशभित्र काम गर्न चाहानेलाई सरकारले सहयोग सुबिधा प्रदान गरेको डंका बजाउँदै छ । भनिन्छ जती खाली भाँडाहरू हुन्छन् त्यही अनुपातमा बज्छन् । त्यही प्रकारले देउवा, ओलि, प्रचण्डहरू आफै र आ-आफ्ना झोलेहरूलाई थोत्रा गाला बजाउँदै हिंड्ने गर्दछन् । अहिले सरकारले स्थानिय रूपमा कर बढाउने, निजि ठेकेदारलाई ठेक्का दिने र औषधी उपचारको वर्ष नपुग्दै बिमा समेतलाई रोक्ने जस्ता मसिना तर अत्यन्तै प्रभाब पर्नेखालका अनावस्यक पाइला चाल्दै आएका छन् ।

अहिले ओलीले प्रदेश संख्या नौ वा पाँच पनि हुनसक्छन् भनेर आफ्नो बिचार बाहिर ल्याएको देखिन्छ । उनिहरू सत्ता साझेदारी गर्न झनै तल झर्न खोजेका हुन्छन् । प्रदेशको संख्या भन्दा परदेश सरकारलाई नै खारेज गरेर देशलाई आर्थिक सङ्कटबाट मुक्त गर्न सकिन्छ भन्ने कुरा जानेर अन्जान बन्दैछन् ।

अहिले सम्म देश विदेशीको नीतिले भन्दापनि आफ्नै कम्जोरीले कम्जोर बनेको देखिन्छ । सत्य यही हो ।

बिस्तारवाद र साम्राज्यावादको योजना कस्तो हुन्छ ? उनिहरूले हामीलाई सहयोग गरेपनि त्यसमा उनिहरूको कुनै न कुनै स्वार्थ लुकेकै हुन्छ । उनिहरूको अनुदानको आसमा परेर बस्नु हाम्रो सबैभन्दा ठुलो गलती हो । हामीले आफ्नो देशलाई आत्मनिर्भर बनाउने प्रयास गर्‍यौं की गरेनौं ? यो मूल प्रश्न हो । सरकारले लगातार देश विकासको गतिमा छ भनेर थाक्दैन तर यथार्थमा देशमा कुनैपनि ठुलो उद्योग बनेको छैन । भएका उद्योग बेचिएका छन् । देशलाई अन्य देशको हाठबजार बनाइएको छ । अखण्ड देशलाई खण्डित गर्ने काम भएको छ । अपराध बढेको छ, भ्रष्टाचार बढेको छ, तस्कर लगायतका कार्यहरू बढेका छन् ।

देश साम्राज्यावादको चङ्गुलमा फसेको छ । एमसीसी बोर्डको जाँतोमा पिसिएको छ । देशको कुटनैतिक अनुहार पारदर्शी छैन भन्नेकुरा उदाङ्गिएको देखिन्छ । एउटा संघीयतालाई जोगाउन देशलाई बिस्तारवाद र साम्राज्यवादको जाँतो मुनि राखेको ओलि, प्रचण्डको सरकारले हो । यिनिहरू खास गरि एमाले, माओवादी र काँग्रेस लगायतका ठुला दलहरू कुनैपनि चोखो देखिदैन । विदेशीको उदेश्य बारे जानिफकार भएरपनि आफ्नो स्वार्थकै लागि दलाल बनेका छन् । अहिले पनि समयमै सचेत बनेनौं भने नेपाल पनि दोस्रो युक्रेन हुने देखिन्छ । कुनै पनि बिस्तारवाद र साम्राज्यावाले विश्वमा फैलाएको आतङ्कको खिलाफ एकजुट भएर देशको रक्षा गर्नु आजको आवस्यकता हो । अस्तित्व रक्षा गर्ने हो भने यो पुस्ता त देशघातक भयो भयो, युवा पुस्ताले नेतृत्व लिएर स्वराज र स्वतन्त्रताको रक्षा गर्नुपर्छ । यही समयको माग हो ।

# चीनको लक्ष्य र उद्देश्यहरू



*प्रेम सागर पौडेल*

*अध्यक्ष- नेपाल-चाइना म्यूचुअल कोअपरेशन सोसाइटी*

चीनको आगामी दुई सत्रले राष्ट्रिय नीति, आर्थिक वृद्धि, र सामाजिक स्थिरता सम्बन्धी महत्त्वपूर्ण निर्णयहरू सार्वजनिक गर्ने तयारी गरिरहेको छ । यस वर्षका लागि निर्धारित आर्थिक लक्ष्यहरू, सुधारका उपायहरू र विदेशी नीतिहरूलाई उजागर गर्दै, यी सत्रहरूले चीनको भविष्यको विकास दिशा र अन्तर्राष्ट्रिय मञ्चमा यसको भूमिका स्पष्ट पार्नेछन् । यस लेखले चीनको अर्थव्यवस्थाको स्थिरता, नयाँ विकास योजना, र **शान्तिपूर्ण चीन पहल** जस्ता प्रमुख विषयहरूमा छलफल गर्नेछ, जसले आगामी वर्षको लागि चीनको रणनीतिक प्राथमिकताहरू र नीति निर्णयहरूलाई परिभाषित गर्नेछन् । सिन्जीपिङ, जो कि चीनको कम्युनिस्ट पार्टीको केन्द्रीय समितिका महासचिव हुनुहुन्छ । शुक्रवारको दिन चीनको कम्युनिस्ट पार्टीको केन्द्रीय समितिको राजनीतिक ब्यूरोको बैठकको अध्यक्षता गर्दै आगामी राष्ट्रिय विधायिका सत्रको समीक्षा गर्न स्टेट काउन्सिलबाट प्रस्तुत गरिने सरकारी कार्य प्रतिवेदनको मस्यौदा छलफल गर्नुभएको थियो ।

चीनको वार्षिक दुई सत्रको शुरूआत हुनुभन्दा केही दिन अघि भएको यो बैठकले चिनियाँ अर्थव्यवस्था कहाँ जान लागेको छ र यस वर्षका शीर्ष प्राथमिकताहरू के हुन् भन्ने बारे महत्त्वपूर्ण सकारात्मक संकेतहरू दिएका छन्, अर्थशास्त्रीहरू र विश्लेषकहरूले भनेका छन् । बैठकमा उल्लेख गरिएको थियो कि गत वर्षमा चीनको अर्थव्यवस्था समग्र स्थिरता कायम राख्दै स्थिर प्रगति गरेको छ । देशले उच्च गुणस्तरीय विकासको लक्ष्यमा साँचो प्रगति हासिल गर्दै सामाजिक स्थिरता कायम राख्दै चिनियाँ आधुनिकीकरणको मार्गमा दृढ कदम अघि बढाएको छ ।

बैठकमा के भनिएको थियो भने, केन्द्रीय आर्थिक कार्य सम्मेलनको योजना अनुसार, स्थिरता कायम राख्दै प्रगति गर्ने सामान्य सिद्धान्तको पालना गर्नु आवश्यक छ, र नयाँ विकास दृषटिकोनलाई सबै मोर्चामा पूर्ण र सही रूपमा कार्यान्वयन गर्नु जरूरी छ । यसका साथै, नयाँ विकासको ढाँचा बनाउनलाई तीव्र गति दिन, उच्च गुणस्तरीय विकासलाई मजबुत बनाउनु, सुधारलाई अझ गहिरो बनाउनु, उच्च स्तरको खुलापन बढाउनु, आधुनिक औद्योगिक प्रणाली निर्माण गर्नु र विकास र सुरक्षा बीच राम्रो समन्वय गर्नुपर्ने कुरा बैठकमा भनिएको छ ।

बैठकले यस वर्ष आर्थिक पुन:प्रवृत्तिलाई प्रवर्धन गर्न, जनताको जीवनस्तर सुधार गर्न, सामाजिक सद्भाव र स्थिरता कायम राख्न र १४औं पंचवर्षीय योजना (२०२१-२५) का लक्ष्य र कार्यहरू उच्च गुणस्तरीय रूपमा पूरा गर्न आवश्यक भएको कुरामा जोड दिएको छ । चीनको आगामी दुई सत्रहरूमा यस वर्षका सामाजिक र आर्थिक विकास लक्ष्यहरू तय गरिनेछन्, जसमा न्मए वृद्धि लक्ष्य एक प्रमुख कुरा हुने संभावना छ । केही अर्थशास्त्रीहरूले २०२५ को लागि न्मए वृद्धि लक्ष्य लगभग ५ प्रतिशत सेट गरिने अनुमान गरेका छन् ।

चीनको अर्थव्यवस्था २०२४ मा ५ प्रतिशत वृद्धिको लक्ष्य हासिल गरेको थियो, जसले निश्चित रूपले सरकारी आर्थिक उपायहरूको प्रभावकारितामा आधारित थियो । यस वर्षको “दुई सत्र“मा सरकारको कार्य रिपोर्टको मस्यौदामा थप लक्षित नीति घोषणाहरू गरिनेछ जसले आर्थिक गतिविधिलाई उत्साहित गर्नेछ ।

चीनले आफ्नो उच्च गुणस्तरीय विकासमा प्राथमिकता दिँदै आर्थिक नीतिहरूलाई अझ प्रभावकारी बनाउनको लागि सुधार र खुलापनमा निरन्तर ध्यान केन्द्रित गरेको छ । यो नीति सँगसँगै, उदीयमान प्रविधिहरू जस्तै कृत्रिम बुद्धिमत्ता (ब्क्ष्) र रोबोटिक्समा नवप्रवर्तनको प्रवर्धनको विशेष ध्यान दिइने अपेक्षा छ ।

यस वर्षको दुई सत्रहरूमा विदेश नीति, आन्तरिक सुरक्षा र सामाजिक व्यवस्थापनका महत्त्वपूर्ण विषयहरूमा पनि छलफल हुनेछ । चिनियाँ सरकारको स्थिरता र सुरक्षा सुनिश्चित गर्नका लागि “शान्तिपूर्ण चीन पहल“ मा थप बल दिइनेछ र यसका लागि, विभिन्न खतराहरू र जोखिमहरूको रोकथाममा ध्यान केन्द्रित गरिनेछ । यस प्रकार, चीनका आगामी दुई सत्रहरूले राष्ट्रिय र अन्तर्राष्ट्रिय मञ्चमा भविष्यका नीति र योजनाहरूलाई स्पष्ट बनाउनेछन्, जसको प्रभाव केवल १.४ अर्ब चिनियाँ नागरिकमात्र नभएर सम्पूर्ण विश्वभरि पर्नेछ ।

# ज्याला नपाएम्म जनता निन्द्रामै



बैकुण्ठ भण्डारी
bhandaribai@gmail.com

नेपाली वीर थिए, अब त्यो वीरता इतिहास बनेछ कि के हो ?

जनता पीडित छन्, अन्यायमा परेका छन्, जनताको हक र अधिकार नेता र फटाहहरूले लुटेका छन् । जनताले बुझेका छन्, छुट्टाछुट्टै असन्तोष पनि प्रकट गर्छन् । असन्तुष्टिको बाढी नै देशभित्र । तर एकता छैन । एकता नभएपछि एक थुकी सुकी भएको छ ।

अन्याय गर्नेहरू छाडा साँढे बनेर देश र जनतालाई लुटिरहेका छन् ।

यो सबै दृश्य देखेका ठूलाघरे माल्दाइ उता चौताराको पिपलको रूख काटियो भनेर चिन्ता गर्दै थिए । पिपलको रूख काटिनुअघि ठूलो पाटोको डिलमा बसेर माल्दाइ रमिते बनेर हेरिरहेका थिए । ठूलाघरे कान्छा बाले आफ्ना छोराछोरी नभएकाले भजन गर्ने पाटीको छेउमा वर पिपल रोपेका थिए ।

उनले वर पिपलको बोट रोपेका मात्र थिएनन् । वर पिपल बढ्दै गएपछि कान्छा बाले साइत जुराएर रित पुर्याएरै हिन्दू संस्कारअनुसार बिहे गरिदिएर ब्राह्मण भोजन पनि गराएका थिए । ती सबैका साक्षी थिए माल्दाइ । कान्छा बाको सन्तान नभएकाले माल्दाइ उनको अंशियारको एकमात्र भागिदार नै थिए । साह्रै भाग्यमानी । पहिले पनि माल्दाइले उनकै बाका दाजुभाइमध्येको साहिलो दाइ, जो बांगे बाका रूपमा गाउँभर चिनिन्थे । उनको पनि अंश पाका थिए । कान्छा बा बितेसँगै जेथामा आँखा डुलाएका थिए ।

बांगेबा 'अरूको अंशले आफ्नो वंशलाई नै पिरोल्छ त्यसैले दान दिनु, नखानु' भन्थे । उनकै अंशले पो हो कि माल्दाइ पटक-पटक संकटमा नपरेका पनि होइनन् । आखिर गाउँ समाज नै यस्तै छ । शक्तिको भक्ति गाउने । सम्पन्नको वीरताको गाथा बनाउने । माल्दाइ तिनैको फन्दामा परे । आको बात छैन भ्याउनुपर्छ भनेर उकास्नेहरूले उनको साथ दि त्यसबेला ।

उनले पारिघरे पशुपतिदेखि डाँडाघरे सागरेसम्मलाई धेरै विश्वास गरेका थिए । कान्छा बाले रोपेको वर पिपलको रूख काटिरहँदा उनलाई ठूलो पाटोको डिलमा बसेर रूख काटेको र हाँगाबिँगा हल्लिएको खुब रमाइलोसँग हेर्नमात्र लगाए ती दुवैले । ती दुईले भनेको कुरालाई हो मा हो मिलाउने अरू तल्लाघरे श्यामेदेखि राताघरे धर्मेसम्म पनि थिए । ठूलैजमात थियो ।

पिपलको रूख काटिरहँदा त्यही रूखमा सहारा लिएर गुँड बनाएर बसेका भँगेरा, परेवा चिच्याउँदै गुँड छोडेर उडेर भाग्दा माल्दाइलाई ताली बजाएर खुसी व्यक्त गर्ने पशुपतिदेखि सागरेहरूकै लहैलहैमा लागेर माल्दाइ त्यही ठूलो पाटोको डिलमा बसेर 'खैजडी' बजाइरहेका थिए ।

माल्दाइले डिलमा बसेर 'खैजडी' बजाउँदै बजाउँदै पिपलको रूख गर्ल्यामगुर्लुम ढल्यो । विचरा कान्छा बाले रोपेको पिपलको रूख नकाट भन्ने कोही पनि भएन । 'बांगेबा'को अंश खाएका माल्दाइले कुनै हेक्का राख्दै राखेनन् ।

डिलमा बसेर पिपलको रूख काट्दै गर्दा हार गुहार गर्दै नकाट-नकाट भन्ने थरीका खलक मुग्लान छिर्यो । माल्दाइ त यो वा त्यो कारण गाउँमा मुखिया नै भइहाले । गाउँका मुखियालाई त्यस्ता जाबो पिपलको बोटको के चिन्ता थियो र ? पशुपति र सागरेहरूले पिपलबोट संरक्षण गर्नेलाई पाखा लगाइदिए ।

माल्दाइले तिनीहरूले गरेको छल र कपट भेउ नै पाउन सकेनन् । विचरा पाउन पनि कसरी ! डाँडाखेत, बाँसा डोल अनि पुराण्डोलमा अरूले कमाइदिएको जिन्सी बेचेर नगद हिसाव-किताव गर्दै ठिक्क थियो ।

उखानै छ, 'मामा धन फुपुको श्राद्ध' भन्थे ! माल्दाइलाई पनि त्यस्तै आइलागेपछि अरूले तारेभिरको ढुंगामा आफ्नै टाउको फुटाउन खोजेर के हुन्थ्यो र ? तर उल्टो बाटो हिँड्ने मान्छे कहिले पो सही ठाउँमा पुग्छ र ? माल्दाइ पनि त्यस्तै हालतमा पुगिहाले । अब माल्दाइलाई फिरंगी हुनेबाहेक के नै छ र ? कहिले तारेभिर कहिले रत्नेभिर गर्दै बरालिएर हिँडेका माल्दाइलाई के सुर चलेको हो कुन्नि । आफ्नै आँखा अगाडि गिडेको पिपलको रूख सग्लो बनाउन मन लागेछ । मनै त हो लागेछ ।

सनत कुमारले 'तँ हेर, म हेर, ठाउँ हेर अनि बेला हेर' भनेका थिए । कुरै नबुझेको पनि कसको बाउको के लाग्छ र ? उही पुरानै ठूलो पाटोको डिलमा आएर पिपलको ठूटो चलाउँदै थिए ।

ऊ बेला बञ्चराले छियाछिया पार्दा पशुपति र सागरेको कुरामा दंग पर्दै 'खैजडी' बजाएर बसेका माल्दाइ अब के बजाउने धोको लिएका हुन् । डिलमा बसेर 'गुहार' माग्दै बचाउ बचाउ भनेर मात्र कहाँ हुन्छ र ? हिजो बचाउँछु भन्नेहरूको मन पनि नराम्ररी कुँडिएको छ । सुक्दै नसुक्ने पिपलको पात पनि सुकिसकेको छ । हाँगाबिँगा ध्वस्त पारेर छिया-छिया पारिसकेको छ ।

१८ वर्षअघि ढालेको पिपल अब अहिले आएर पलाउँला र ? न टुसाउँछ न पलाउँछ । साँच्चै नै रूख चाहिएको हो भने अहिले रोप्नुपर्छ । रोप्दै नरोपी फल खोज्न त चोर नेता बन्नुपर्छ । साढे सातले काटेको खड्गो अब सातमा आएर मलाई साथ चाहियो भनेर हुन्छ ? जुनबेला आवश्यक थियो त्यही बेला साथ पाउने ।

घर छाडेर गएकाहरू आउनै मान्दैनन् । डाँडापारि गाउँमा गएर उतै खानपानमै मस्ती मारिसके । बागमती बरू ढलमतीमा परिवर्तन भयो । तर माल्दाइको आसेपासे परिवर्तन हुन सकेनन् । त्यसैले पनि माल्दाइको जीवनमा फेरि अंश खान नै भाग्यमा लेख्या रैछ भने हो नत्र भने उही हो ! न त ढालेको पिपलको रूखको पूजा नै हुन्छ । तर सर्वश्रेष्ठ भएर पनि पिपलले न्याय पाउन सकेन । बरू चिलाउने, उतीसहरूले आफ्नो सान र मान दुवै बढायो । त्यसैले पनि को होला र विचरालाई दिने साथ ! यतिबेला यस्तै यस्तै तर्कचलिरहेको छ ।

# ट्रम्प-जेलेन्स्की द्वन्द्वपछि चीननीति

हालै अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प र युक्रेनी राष्ट्रपति भोलोडिमिर जेलेन्स्कीबीच ह्वाइट हाउसमा भएको वार्ताले अन्तर्राष्ट्रिय राजनीतिको नक्शा नै बदल्ने सङ्केत दिएको छ । यो भेटघाट केवल दुई नेताको कूटनीतिक चासो मात्र होइन, यसले युक्रेनको खनिज सम्पदामा अमेरिकी लोभ, रूससँगको युद्धको जटिलता र कमजोर राष्ट्रहरूप्रति बदलिँदो नीतिलाई उजागर गरेको छ । ट्रम्पले जेलेन्स्कीलाई युक्रेनको लिथियम, युरेनियम र ग्याँस जस्ता खनिज स्रोतमा पहुँच दिन दबाब दिँदै युद्धविरामको शर्त राखे, तर जेलेन्स्कीले ठोस सुरक्षा ग्यारेन्टी खोज्दा नपाएपछि सम्झौता हुनसकेन । यसले अमेरिका-युक्रेन सम्बन्धमा फाटोलाई अझ गहिरो बनायो । ट्रम्पले जेलेन्स्कीलाई “तेस्रो विश्वयुद्ध निम्त्याउने व्यक्ति” भन्ने टिप्पणीले पनि यस वार्ताको विषयवस्तुलाई अन्तर्राष्ट्रिय मञ्चमा उचालिदिएको छ ।

यो घटनाले नेपालजस्ता साना राष्ट्रहरूका लागि पनि गम्भीर सन्देश बोकेको छ । नेपालले विगतमा २००६ को १२ बुँदे दिल्ली सहमतिजस्ता बाह्य हस्तक्षेपको स्वाद चाखिसकेको छ । ट्रम्पको “अमेरिका फर्स्ट” नीतिले युक्रेनलाई सहयोग घटाउने संकेत दिएजस्तै, यसले नेपाललाई पनि विदेशी सहायतामा निर्भरता कम गर्ने बाध्यता सिर्जना गरेको छ । नेपालमा जातीय, क्षेत्रीय र विचारधारागत विभाजनले अराजकताको जोखिम निम्त्याउन सक्छ । संघीयता र समावेशीकरणको नाममा अराजक नीतिहरूले राष्ट्रिय एकतालाई कमजोर पार्ने खतरा छ । युक्रेनको खनिजमा अमेरिका र रूसको द्वन्द्वले नेपालको जलस्रोत, हिमालयन जियो-स्ट्राटेजी र युआन-डलर प्रतिस्पर्धाको बीचमा सन्तुलन कायम गर्न चुनौती पनि देखिन्छ ।

चीनले यस वार्तालाई पश्चिमी गठबन्धनको अस्थिरता र बहुध्रुवीय विश्वको उदयको रूपमा हेरेको छ । युक्रेन-रूस द्वन्द्वमा चीनले “सार्वभौमिकताको सम्मान” र “शान्तिपूर्ण समाधान” को नीतिलाई बढावा दिँदै अमेरिकी हस्तक्षेपलाई अव्यवहारिक ठानेको छ । बीआरआई मार्फत युक्रेनसँग आर्थिक सहयोग बढाउने चीनको योजनाले द्वन्द्वलाई अवसरमा परिणत गर्ने देखाउँछ । अमेरिकाको एसिया केन्द्रित नीतिले ताइवान, दक्षिण चीन सागर जस्ता मुद्दामा चीन-अमेरिका तनाव बढाउने देखिन्छ । नेपालप्रति चीनको रूचि ट्रान्स-हिमालयन कनेक्टिभिटी र व्यापारिक मार्ग निर्माणमा केन्द्रित छ, जसले नेपाललाई आत्मनिर्भर बन्न विकल्प दिनसक्छ ।

विश्वव्यापी रूपमा यो वार्ताले शक्ति सन्तुलनको परिवर्तनको सङ्केत दिएको छ । अमेरिका युरोपबाट पछि हट्दै चीन र रूसको प्रभाव क्षेत्र विस्तार हुँदा नयाँ शीतयुद्धको आशंका बढेको छ । यसले नेपाललाई सतर्क तटस्थता अपनाउन बाध्य बनाएको छ । नेपालले सन्तुलन नीति कायम गर्दै एकता र आत्मनिर्भरता निर्माण गर्नुपर्छ । जलविद्युत, कृषि र पर्यटनलाई अर्थतन्त्रको आधार बनाउनु पर्छ हो । ट्रम्प-जेलेन्स्की वार्ताले विश्वलाई शक्ति राजनीतिको नाङ्गो सत्य सम्झाएको छ - “कमजोर राष्ट्रहरू आफ्नो भाग्य आफैं निर्माण गर्न बाध्य छन् ।” नेपालले यसबाट आत्मनिर्भरता, राष्ट्रिय एकता र सामरिक स्वायत्तताको पाठ सिक्नुपर्छ । युक्रेनले सिकाएजस्तै, “आफ्नो माटोमा खुट्टा टेकेर अगाडि बढ्ने” नै बाँच्ने बाटो हो ।

# Life is books take a lesson from 1st and 2nd war



As a matter of fact life is a books only but there are more hidden hints of story if we deeply study himself. Writing makes a man peaceful perfect and reading makes a sharp mind. Life is only lighting Sunrise of the day Good Morning to Sunset of the day red yellow color Good Evening and one Moon innumerable Stars amazing lighted from far blue Sky to deeply ocean of the Earth well sleeping for sound health Good Night. Again we start journey of our lighting life after open the eye go to somewhere for own ambition how to sweetest thrill of joy in a present to future successful life. It's called running of the human story as a moving time. Life is evergreen never end as a poems and story.

Someone try to write someone never try to write difference only soil of life. They knows every part of life what we doing at present with what will be happen in a future lighting peaceful and dark sorrowful human ranging bell in our deeply river mind. Every dirty poverty mind never kindness to all of them as a politics for the revolving chair power who makes a rules and regulation law. Who are seen to unseen kindness to all animate with inanimate ¿ Forgiveness is a greatest punishment which we inner heart to think but never getting and lighted looking now a days in a own family, in a neighbor , in a blood related , inanimate a every society of the world. Take a lesson from hints of hints only laughing lips who area filling any moment heaven and hell thinking to another person. What's a amazing running life someone are dancing on the play ground by money power, by review chair power, by many weapons power, by speaking power but lot of person are crying for foods and own house how to make for the survival own family. Coming soon as quick as terrible and horrible third great war within end of 2025. It will be too dangerous terrible than first and second war. Misfortune never comes to griefly alone will bewill be start for the valuable money power for the revolving chair power proud from third great war.

Charming the face laughing lips. Coming soon not a then and there but one day for poor anxiety person while will be end wandering life . Unbroken is a ideation who have a self confidence. It's very difficulty to be found real and trustful person any places except milancholy in a world. Who is frustration where lighting cheerful anyone ¿ It's a get real and open hearted person but some only not a many a many who is that¿ Some of getting peaceful and helpful kindness human yet never attention in a iron age where are starting the dangerous fearful war Russian and Ukraine, Israel and palestinian, Iraq and Israel. It's a symbol of third great war which we are looking many people death on the spot.

All are like who wants dirty thinking how to get revolving chair power forever until the alive in a green world . Going to end of life more people to many four footed animal and flying birds with effect in a climate in a some country where are well development by successful science technology. But branches of mind difference only honestly far to near do and as a fearful tiger attack to death. Never develop any country without master mind. Japan, China, India, America, Russian, Sweden, Bali, Philippine, Portugal, Poland, Switzerland, Uk London, Belgium, Singapore, Honkong, Thailand, South Korea, North Korea, Malaysia, Nigeria, Iraq, Israel, German so on country is burning example where are highly development by science technology and standard living peaceful over there.

We can't forget forever First great war1914 to 1918 second great war 1939 to six year which is called terrible and horrible war. How many person death with how many houses to beautiful temple distroyed never real to tell until the now. U.N.O. was established 1945 October 24 for peaceful make a worldwide. There are powerful parmament member America, China, Soviet Union Russia, Belayat U.K. and france five country. Hopping for better understand life is books and take a lesson from first and second great terrible horrible war.

*- Jagadish Pradhanang Malla Bhaktapur, Khouma*

# Smash And Grab

*By Sunanda Datta Ray*

Public opinion in the state is incensed enough, particularly over the Rangpo incident last week. Now we have a direct indication of your son's intentions which will, if remaining unchecked, most certainly lead to consequences which the government of India does not desire. Nor, I am sure, does the government of Sikkim and, I should sincerely like to hope, that it is not your desire either. However, one cannot conclude otherwise judging by the actions and activities, I assume on your behalf, if not under your direction or at least with your knowledge, of those close 10 you. He then added:

A further very disturbing report came to me last night which, again, concerns a visit to the chief minister's residence by the Maharajkumar. He is reported to have been accompanied by three vehicles containing personnel of Sikkim Guards. As I have pointed out earlier, both in conversation and in writing, the function of the Sikkim Guards is essentially for palace duties. They are not meant to be used as a show of strength on any occasion that your son chooses to go visiting around town. Even if it were considered necessary for him to be accompanied by a bodyguard, surely one person should suffice. Three vehicle-loads can hardly be termed as a bodyguard.

The path you appear to have chosen to follow is a path which, I fear, will surely lead to a collision. In this case, the sole responsibility for the serious consequences which would inevitably result would be yours. I say this in all earnestness and with all the emphasis at my command.

I regret to have to write this letter but developments over the last several days leave me no option and I should be failing in my duty if I were not to communicate to you my grave concern and serious misgivings.

It was an outrageous letter by any reckoning. Thai the PO was actively intervening in the kingdom's internal affairs was a minor point; nor did his blunt threats or impertinent language any longer occasion surprise. But the disregard of simple facts showed that in its campaign of calumny, India House felt it could dispense with accuracy because it did not fear contradiction. Tenzing was wearing Jeans and not a kho. There was no evidence of the earlier two incidents cited. An escort of three men in a small vehicle had been inflated into three vehicles loaded with guardsmen, and the harmless little pen that had presumably dropped out of Tenzing's pocket had been transformed into a bomb. Ever afterwards, Kazini shudderingly described her husband's security man, who had apparently pounced on the pen when Tenzing bounded over the gate, as Gangtok's most notorious picker-up of non-exploding explosives. But most sinister of all was Gur achan Singh's attempt to implicate the Chogyal and his son in three attempts at murder. "I would have ignored the false allegations, ' replied the ruler, "if it were not for the fact that I am now convinced that a plot is being laid to somehow remove the Chogyal from Sikkim, and what could be a better excuse than to somehow involve me or the crown prince in an attempt to violently do away with the chief minister." He wrote angry and sorrowful letters of protest on 15 March, 23 March and 25 March, firmly denying allegations and demanding substantiation. But the PO did not think it necessary to reply. It was enough to cast suspicion. Two months later, Tenzing was still corresponding with the chief executive over the "explosive device" that Gangtok was supposed to have sent to an Indian forensic institute: contd.....

# Nepal: SAARC is dead, Greater South Asia is taking shape!

– NP Upadhyaya

The purpose of the forum was to disseminate factual information on CPEC, and also to devise a joint Pakistan-China strategy to counter negative perceptions that are generated by vested interests and detractors in the region. India is the master planner of the fake news dissemination. contd...

India in collaboration with some sponsored media in the West disseminate bogus news about CPEC. Nepal media is not an exception. The Nepali media who are close to the Southern regime generally talk against CPEC and the Chinese debt trap.

During the 4th CPEC media forum, Pakistan's Ambassador to China Masood Khalid while making his opening remarks centered his talks on the stance of the new government on CPEC, after the conclusion of the Prime Minister Imran Khan's visit to China. During that visit both countries, said Ambassador Masood, have expressed satisfaction with progress of CPEC, both sides are committed to agree to complete the ongoing projects of CPEC, as well as create employment, enhance people's welfare and promote industrial development. The two sides also agreed to promote the construction of CPEC in the future by taking it to the next phase which will be decided at the upcoming meeting of the Joint Coordination Committee (JCC) of CPEC in Beijing next month, and both sides also agreed to create a social economic development working group apart from a political working group through the two Foreign Ministries." The Ambassador based in Beijing also emphasized the role of media in disseminating accurate information on CPEC and said that there should be more media interaction between the two countries. "We need to guard BRI and CPEC against the growing negativity of its detractors", the Pak envoy concluded.

To recall as back as in 2016, Pakistan began exploring the possibility of creating a greater South Asian economic alliance to counter India's controlling hold on the eight-member South Asian Association for Regional Cooperation (SAARC), diplomatic observers in Washington said. A parliamentary delegation from Pakistan, which was then in New York, gave birth to the notion of greater South Asia during its five-day visit to Washington last week.

Elaborating the benevolent idea primarily pitched by Pakistan in 2016, Senator Mushahid Hussain Syed had said then that, "A greater South Asia is already emerging," in one of his interactions with the media held in Washington.

The Senator Mushahid could be the best messenger who could sell this idea to a larger audience from East to West and North to South. "This greater South Asia includes China, Iran and the neighboring Central Asian republics", Mr. Hussain had mentioned in his Washington interaction which he once again repeated in his Beijing meet this time.

The notion of greater South Asia as and when takes a formal shape for sure shall blunt the Indian hegemony in this region but for that to happen China, the number one rival of India, must take the lead or at least back those countries, for instance Pakistan for the time being, which have vowed to give the greater South Asia a shape ultimately. The task is tough but not impossible if China wishes. The CPEC could also be linked with the notion of the greater South Asia aka Greater SAARC , if member countries so wish.




**Imran Khan**

In the meantime the Pakistan Prime Minister Imran Khan has asked the United States to conduct the assessment of its failure in Afghanistan instead of making Pakistan a scapegoat.

In a prompt response to the US President Donald Trump's anti-Pakistan tough comments, Imran Khan took to the twitter on Monday and said that record needs to be put straight on Donald Trump's continued tirade against Pakistan.

Listening to President Trump's rough and tough remarks on Pakistan, a day after the Pentagon defended Pakistan's vital role in maintaining peace in South Asia and said Islamabad remains a 'critical partner' in the region.

In an interview to a television news channel on Sunday, Trump said that Islamabad was not doing "a damn thing" for the US, a 'false assertion', which was strongly countered by Prime Minister Imran Khan and political leadership instantly.

"The US and Pakistan have a strong mutual interests in the region. As you know, they are critical (and) vital to the South Asia strategy and including the facilitation of a peace process that would lead to a stable and peaceful Afghanistan," Col Rob Manning, Director of Defense Press Operations, told reporters during an off-camera news conference, reveal international media sources.

"They remain a critical partner in our South Asia strategy and there's been no change to our military-to-military relationship with Pakistan," Manning said, responding to question about the series of tweets by President Trump and his interview to Fox News that Pakistan has done nothing for the United States.

Pakistan PM Mr. Khan though prefers to sound this to the US-its former ally. Let's see what he wants to say: "Imran Khan the prime minister has merely reiterated what Imran Khan the politician has said for years. That Pakistan is fighting US wars, that Pakistan must not be part of any western/US war in which the US focused on its goals of global hegemony and self-aggrandizement kills people in our region, that the toll on Pakistan of the US wars is astronomical compared to any monetary or other compensation America has given Pakistan in the guise of being its ally, and that no US war in Afghanistan should have ever been brought to Pakistan.

He further said in his fresh tweet, "Record needs to be put straight on Mr Trump's tirade against Pakistan: 1. No Pakistani was involved in 9/11 but Pak decided to participate in US War on Terror. 2. Pakistan suffered 75,000 casualties in this war & over $123 bn was lost to economy. US "aid" was a miniscule $20 bn. Our tribal areas were devastated & millions of ppl uprooted from their homes. The war drastically impacted lives of ordinary Pakistanis. 4. Pak continues to provide free lines of ground & air communications (GLOCs/ALOCs).Can Mr. Trump name another ally that gave such sacrifices¿"

"I do not have any announcement on any change to the military to military relationship we have with Pakistan," Pentagon's Manning said, when asked that his answers reflect that the Pentagon differs with the views of President Trump on Pakistan.

The fact is that if Pakistan enters into the Indo-Pacific net as designed by the US and the Quad, Pakistan shall begin receiving whatever it wants from the US. But it shall not perhaps.

Notably, echoing Asean's hostility toward the Quad arrangement, Vietnam's new ambassador in New Delhi, Pham Sanh Chau, recently said his country opposed any "military alliances." He added: "If any country wants to gang up, use force or trying to use force, then it goes against the position of Vietnam."

India's biggest fear is encirclement by China, which has been stepping up its naval presence in the Bay of Bengal and makes periodic incursions on their contested border in the Himalayas. New Delhi also says that it can see Beijing's influence behind tensions with Pakistan on the Kashmir heights.

The Greater South Asia scheme shall cut the wings of the erratic Indian regime. Hopefully.

Although, Nepal is being currently seduced. The US advises Nepal to be an active partner in the BIMSTEC and then in lieu receive as much as Nepal can from the US. The US perhaps has begun looking Nepal through Indian Lens. This is unacceptable.

Finally, to blunt the notorious designs of the Indian regime, Nepal together with the smaller neighbors that have had their participation in the SAARC must now join the greater South Asian landmass as articulated by the Pakistan Senator. SAARC has been killed by India already. The greater SAARC must be in the political scene. (2018 Nov.22)

# नेपालले अठोट गर्नुपर्ने विषयहरू बारेमा


डा. शास्त्रदत्त पन्त

देशमा अत्यासिलो करप्रथा छ, त्यसको अन्त्य हुनुपर्छ। कार्यकर्ता पाल्ने दलीय पद्धति र कमिशन र कालो धन कमाउने ठेकेदारी प्रथाको अन्तय गराउनु पर्छ। कमसेकम ह्वाइट करप्शन आमूल नाश हुनु पर्दछ, पद्धतिवाटै ।

आजको नेपाल सरकारले अङ्ग्रेजले भारतमा लागू गरेको संवेदनहीन लूट पद्धति कर प्रथा लागू गरेको छ । लौरो तेर्स्याएर पैसा असुल्ने गरेको छ, क्षमता बाहिरको कर लगाएको छ, माओवादीले युद्ध कालमा असुलेसरह असुलेको छ । किनकि ती सत्तामा छन्, तिनको मानसिकता उस्तै छ । सरकारले यसो गर्न छोड्नुपर्छ । केन्द्र, प्रान्त र स्थानीय तीनवटै सरकारले कर आतङ्क मच्चाइ रहेका छन् । विवेक हिन, तर्कहिन टकाशेर भाजी व्यवस्था छ । उदाहरणकोलागि स्थानीय सरकारले आफुले लगानी नगरेको सडकमा ठेक्काबाट गाडि पार्किङ गराएर सडक जाम गराउँछ । सडक जाम भएपछि प्रहरीले आय आशयले लौरो तेर्स्याएर दण्डकर असुल गर्छ । धेरै असुल गरून भनेर सरकारले प्रहरीलाई दलालीमा नियुक्त गर्दछ अथवा तिनले असुलेको करको १५ प्रतिशत कमिशन पाउँछन् । सरकारले गरीवको फुटपाथ घटाएर धनीको सडक चौडा गर्छ । एक मिटर चौडा सडकमा बृक्षारोपण गरेर पैदलयात्रुलाई सडकबाट हिड्न बाध्यपार्छ । प्रतिबृक्षारोपणमा ५० हजार खर्च गर्दछ र त्यसैलाई स्मार्ट सिटी भन्दछन् । रूख एक हप्तामा मासिन्छ । बस्ने घर बनाइदिनुस् त कहाँकहाँ हो पटक्कै कुनै आय नभएको व्यक्तिले पनि मनपर्दी तोकेको करको रूपमा हैन फिरौतीको रूपमा तिर्नँ पर्छ । घरनक्सा पास भनेको बलियो सुरक्षित घर, सुन्दर शहर देखिने र सेवादिन सजिलो बनाउन सघाउनकालागि हो । त्यो काम गर्न चाहिने कर्मचारीको तलबसम्म पुग्ने गरी साधारण सेवाशुल्क लिनु पर्ने हो तर स्थानीय सरकारले कमाऊ थलो बनाउँछ । यतिका रकम तिरेर पनि, अरू सेवाको त कुरै छाडौं बर्षौंसम्म धारतमा पानी आउँदैन तर पानीकर तिर्नैपर्छ । दिशापिसाब प्राकृतिक प्रकृया हो, त्यस्को पनि ठेक्का लगाएर स्थानीय सरकारले आमदानी गर्छ । पटके पिच्छे रू. १०। बाध्यात्मक कर तिर्नँपर्छ ।

यसरी उठाएको करले स्थनीय सरकारका पदाधिकारीले मनखुसी तलब खान्छन्, महँगा गाडी किन्छन् र विदेश शयर गर्छन् । यिनका अकर्मण्यताका कारण आम जनता रोजगारकालागि बिदेशिनु पर्ने दुःख त छदै छ, त्याहाँ दुख गरेर कमाएको रकम घर पठाउँदा पनि यी कामदारहरू बैङ्क र सरकारी करबाटै लुटिन्छन् । बैंकिङ प्रणाली र मनी ट्रान्सफरजस्ता औपचारिक माध्यमबाट पठाउँदा पनि वर्षमा ३४ अर्ब रूपैयाँ कर तिरेका छन् । आर्थिक वर्ष २०७४/७५ मा ७५५ अर्ब रूपैयाँ विपेष्रण पठाउँदा ३४ अर्ब रूपियाँ त शुल्क मात्र तिरेका छन् । आमदानीको साढे ४ प्रतिशत शुल्क तिर्छन् । वित्तिय साक्षरता शिक्षा दिनुपर्ने काम राज्यकै हो, गर्दैन । लिने बैक मालिक हुन्, तिनले दललाई करोडौं चन्दा दिन्छन् दलले सामन्त रोक्तैन, संरक्षण गर्छ ।

विदेशीले नेपाल बनाइदिँदैनन्

विदेशी लगानीकर्तामात्र भित्र्याएर तिनले अर्काको देश बनाउँदैनन्, केवल लुट्छन् मात्र । बिप्पा जस्ता सम्झौता देश लुटाउने कुरा हो । मुलुक जुवा खेल्ने थलो होइन, जुवामा थाप्ने वस्तु पनि होइन । कुनै पनि सरकारलाई यो अधिकार हुँदैन । विदेशी ल्याएर देश बन्दैन, भारतीयलाई ल्याएर त बन्दै बन्दैन । भारतीयले ज्यामी कुल्ली, पिउन पाले सबै भारतबाटै ल्याउँछन् । नेपाललाई लुट्छन् मात्र, तिनले यहाँ फोहरमात्र गर्दछन्, ठगी काम सिकाउँछन्, यहीको नागरिक बनाएर जनसंख्या बढाउँछन् । भारतको जनघनत्व घटाउँछन् मात्र । बाकी विदेशीले, विज्ञापनबाट विभ्रम पारेर धन कुम्लयाउँछन्, संस्कारलाई प्रदुषित गराउँछन् । अति ठूला योजनामा नेपाली श्रोतले नपुगेको अंश भर्ने नियतले मात्र बिदेशीलाई लगानी ठाउँ दिनुपर्छ, आधिपत्य हालिमुहाली नहुने गरी ।

विदेशी अनुदानले देश बनाउन झोली थाप्नु मगन्तेले दर्बार बनाउँछु भन्ने सोमशर्माको प्रवृत्ति सरह हो । श्रम, पूँजी, श्रोत, शीप सबैदेश भित्र छ । आत्मनिर्भर हुनेसम्मको बजार पनि देश भित्र छ । त्यस पछिको निर्यात ब्यापारलाई मात्र विश्व बजार खोज । विश्वले बनाउनै नसक्ने बस्तु बनाऊ, विश्वसँग प्रतिस्पर्धा गर्न सक्ने बस्तु बनाऊ । यो संभव छ । नेपालमा श्रम सस्तोछ, नेपाली मिहिनेती कर्मवीर छन् । बिजुली सस्तो उत्पादन हुन्छ । २५ वर्षपछि मरमत बाहेक सबै नाफा मात्र हुन्छ । रेल, बस, ट्रली, घिर्लिङ, केबलकार, उद्योगधन्दा, कार-बस-टेक्सी सबै विजुलीले चल्ने बनाऊ । पानी र विजुली निशुल्क भएपछि, विश्वभर निर्यात हुने सबै उत्पादन सस्तो र प्रतिस्पर्धी हुन्छ ।

ठूलठूला सपना देख्न हुँदैन । मिहिनेतको कमाई खाने, नाङ्ले पसलबाट जेट हवाईजहाज बनाउनेसम्म सन्तानदर्शन्तान सिढीचढ्ने आर्थिक सामाजिक पद्धतिको विकास गर । सुरूमा साना कामबाट सम्पूर्ण नेपालीले पूर्ण रोजगार पाउने योजन बनाऊ । पुराना पारिवारिक आत्मनिर्भर अर्गानिक कृषिले दुइतिहाई रोजगार दिन्छ । अदुवा, अलैंची, बेसार, रूद्राक्ष, जरिबुटी, घरेलु उद्योग जस्तालाई दिगो र व्यवस्थित बनाऊ । सानापूजिका यिनलाई बजार खोज्ने झन्झटबाट मुक्त गर । टेका, बेतबास, घरेलु औजार, कुटो कोदालोलाई खेरगएको समय सदुपयोग गर्ने व्यवसाय बनाऊ । यसोगर्दा आधासस्तो हुन्छ । डोरी नाम्लादाम्ला आदिलाई बढाएर क्रमसः ठूला उद्योगमा जाने बनाऊ । हँसिया बनाउनेलाई ट्रयाक्ट बनाउनेतिर जान सक्ने खुबी बढाऊ । जुटखेतीबाट जुट कारखानामा जाने बनाऊ । यस्ता उत्पादनले मात्र लाखौं रोजगार थपिन्छन् । कफी र चिया खेतीले विश्व बजार ढाक्ने र लाखौं रोजगार थपिन्छन् । पर्यटनको सुव्यवस्थापनले जनसंख्याको दोब्बर रोजगार थपिन्छन् ।

नेपालले अठोट गर

धर्म र सम्प्रदाय बोध गर । वेशी कन्सलटैन्ट हटाऊ । दान माग्न छोड । मौलिक प्रविधि, भाषा, धर्म संस्कारको विज्ञान सङ्गत पक्ष खुटेर अद्यावधि गर । त्यसलाई शिक्षा पद्धतिको अभिन्न अङ्ग बनाऊ । भारतको पछि नलाग, युरोप र अमेरिकाको पछि नलाग । कसैको पछि पनि नलाग । नालन्द, बिक्रमशिला, तक्षशिला वि.वि.लाई आजको अवस्थामा उचाल । शतप्रतिशत नारी पुरूषलाई ऋषि मुनि र विदुषीको अवस्थामा हुने शय वर्षीय योजनामा पार ।

नेपाल प्राकृतिक श्रोतसाधनबाट सुसम्पन्न मुलुक हो। यसको दिगो रूपमा सही प्रयोग गर्ने मूलनीति बनाऔं । विश्वका सबै श्रोत साधन नेपालमा प्राप्य छन् । तर नेपालमा प्राप्य श्रोत विश्वका अरू मुलुकमा नपाइने खालका पनि छन् जस्तै हिमाल श्रोत, जल श्रोत । केही पाइए पनि यहाँको जस्तो गुणस्तरका नहुने खालका छन् ,जस्तै हिमाली जरिबुटी । सम्पदा श्रोत विश्वमै अद्धितीय छ । यसले धर्म विज्ञान संस्कार बोक्छ, जुन प्राणीमात्रको साझा हुन्छ एक मात्र हुन्छ । सृष्टि कालदेखि कहिल्यै कसैको उपनिवेश नबनी स्वतन्त्र, सार्वभौम रहेको र रहने क्षमता राख्ने मुलुक नेपाल हो । यो गहनतम कुरा बुझेको र बुझाउने खुबी भएका व्यक्ति सत्तामा रहे मात्र यो मुलुक विश्वकै उत्कृष्ट बन्दछ, बिश्वलाई मार्ग दर्शन गर्न सक्छ ।

३.आवश्यकता छ भीष्म प्रतिज्ञाको लगनशीलताको । नेपालीको कठोरतम प्रहार थाम्न सक्ने गैंडाको छाला जस्तो अमोघ भइरहनु पर्दछ । वैदिक धर्म संस्कार र सभ्यता तथा त्यस अनुरूपको राजधर्मलाई समन्वय गर्न सक्ने अपार क्षमताको सदुपयोग गरी राष्ट्रियता र राष्ट्रिय एकताको कसीलाइ सद्प्रयोग गरेर यसमा रहेको चुम्बकत्वलाई सशक्तिकरण गरेर वैदिक मान्यता र संस्कारको बहाली गरी नेपाल अजातशत्रु बनाउनु अहिलेको खाँचो बन्नुपर्छ ।

नालापानी र भोटको लडाईताक भएको भन्दा पनि धेरै चर्को राष्ट्रिय एकता नेपाली सरकार र जनताबिच हुनुपर्छ । भारतले तरबारको सिद्धान्त अपनायो भने नेपालले संयम र बुद्धिको सिद्धान्त अपनाउनुपर्दछ । त्यसो गर्नेगरेपछि भारत गौरवहीन हुनेछ । यही कुरा अरूराष्ट्रप्रति पनि गर्दैरहे ऊ विश्वका लागि अभिशाप र खतरा साबित हुनेछ, राज्य आतङकीमा गनिने छ । आफ्नो वैदिक संस्कार र श्रद्धाको बाटो छाडेर क्षणिक फुइँ देखाइरहे स्थिर पतनतिर लागेको छ । कुनै पनि सभ्य राष्ट्रले सही मूल्याङ्कन गर्ने छ ।

नेपालीमा दृढता र एकता छ, परिश्रमी आदत छ, ईश्वरमा आस्था छ । यस पनले राष्ट्र भक्तिले सकारात्मक फल अवश्य लिन सक्छ । नगर र गाँउ जस्ता स्थानीय एकाइले सबैभन्दा ठूलो भूमिका निर्वाह गर्न सक्दछन्, विकास गति बढाउन ।

नेपाल माग्नेको देश हैन, नेपालीले मागेर खाँदैन, ठगेर खाँदैन, बिना परिश्रम कमाउँदैन । नेपाली घरबार विहीन हुँदैन । नेपालीले आफ्नो स्वभिमानलाई सगरमाथा झैँ अटल राख्दछन् । यो आदर्श नेपाली राजनीतिले भुल्न हुँदैन

# राष्ट्रवादीहरूको राजनीतिक प्रशिक्षण

राष्ट्रवादी राजनीतिक जनजागरण अभियान र राष्ट्रिय समाजसुधार संस्थासमेतका राष्ट्रवादीहरूले राष्ट्र बचाउ प्रशिक्षण कार्यक्रम गरेका छन् । देशलाई राम्रो होस भनेर सबै कुरा त्याग गरेको र फेरि पनि आवश्यक परेमा त्याग गर्न तयार छु भन्ने पूर्वराजाको मेलमिलापको आह्वानलाई मनन गर्न सबैलाई सचेत गराएको छ ।

७५औं राष्ट्रिय प्रजातन्त्र दिवसको उपलक्ष्यमा राष्ट्रनायक, पूर्वीय दर्शन, सनातन धर्म संस्कृतिका संरक्षक पूर्वराजा ज्ञानेन्द्र सरकारबाट देशबासीको नाममा संकटमा परेको र वर्तमान राष्ट्रको जटिलतालाई मध्यनजरमा राखेर “राष्ट्र जोगाउन, राष्ट्रिय एकता कायम राख्न, देशको समृद्धि र उन्नतीको लागि सबै नेपालीलाई साथ दिन आव्हान गरिबक्सेको सन्देश प्रति राष्ट्रवादीहरूको साझा संगठन Nepal Association of Nationalist's (NAN), तथा अभियन्ता माया पाण्डेलगायतकाहरूबाट सबैलाई साथ र सहयोग दिन आह्वान गरिएको छ ।

राष्ट्रिय राजनीतिलाई सफल पार्न २०६० माघ १९ गते नेपाल अधिराज्यको संविधानका संरक्षक र पालकको नाताले श्री ५ ज्ञानेन्द्रबाट ३ वर्ष भित्र आवधिक चुनाव गराई दलहरूलाई नै सत्ता सुम्पने संकल्पका साथ भारतमा आश्रय लिईरहेका माओवादी नेताहरूसँग वार्ता गरी नेपालको भूमीमै राष्ट्रिय राजनीतिको मूल प्रवाहमा ल्याउने सत्कार्यलाई स्वागत गरिएको थियो । तर दुर्भाग्य नेपालमा २०६२ मंसिर ७



गते भारतमा गएर १२ बुँदे सहमति गरी नेपालको आन्तरिक बिथोलियो भन्दै अव बिथोलिएको राजनीतिलाई संहाल्न सबैले साथ दिनुपर्ने भनिएको छ ।

पाथीभरा केबुलकारको नाममा भैरहेको राज्यदमन, मारपीटका कृयाकलापहरू तत्काल रोकियोस, धार्मिक क्षेत्र भनेको ज्यादै सम्बेदनशील हुन्छ । समाजलाई द्वन्द तर्फ लाने कार्य नगरौं । संयमता अपनाउन ध्यानाकर्षण गराउन चाहन्छौं ।

देशलाई शान्ति, उन्नती र समृद्धी तर्फ लानको लागि शान्ति, राजनीतिक स्थिरताका लागि (१) संवैधानिक राजतन्त्र (२) वहुदलीय प्रजातान्त्रिक व्यवस्था तीन वटा भन्दा बढी दलहरू आवश्यकता छैन (३) अनुशासित सार्वभौम जनताको भूमिका बारे राजनीतिक प्रशिक्षण दिने कार्यक्रमलाई निरन्तरता दिएको छ ।

राजनीतिक प्रशिक्षण चलाउँदै गर्दा राजा वीरेन्द्रबाट मनोनित राष्ट्रिय सभाका सांसद माननिय ऋषि बाबु परियारले २०६२/२०६३ को प्रायोजित आन्दोलनपछि देशलाई क्षत विक्षत गरेकोले देश बचाउन हामी सबै एक ढिक्का भएर देश जोगाउन लाग्नु पर्छ, समान विचार बोकेकाहरू एक हुनुपर्छ भन्नुभयो ।

अभियानका उप-प्रमुख शंकर मघैया, प्रमुख कपिलमान खड्गी, संयोजक पारूहाङ्ग कुथुमी राई, प्रमुख अभियन्ता माया पाण्डे, कृष्ण प्रसाद लुंइटेल, अभियानका कृष्णचन्द्र “ब्रम्हाण्ड”, राकेश लाल श्रेष्ठ, नरेशमान सिंह, कृष्ण बज्राचार्य आदीले उपत्यका र देशैभरि राजाको पक्षमा जनमत बढाउँदै लानु पर्ने बताउनु भयो ।

त्यसै गरी राजाको सम्बोधनलाई सफल पार्न २०४७ को संविधान, हामी सबैको अभियानका प्रवक्ता रामकुमार रिजाल र वीर गोर्खाली युट्युब संचालन गरिरहुनु भएका अभियन्ता एवं संचारकर्मी मनोज सापकोटा, रामचन्द्र खड्का, गणेश बज्राचार्य, नर बहादुर मल्ल विभिन्न पेशा र क्षेत्रका व्यक्तित्वहरूले देशको लागि समय सापेक्ष राजाको सम्बोधन आएकोले देशव्यापी जनलहर ल्याउनु पर्ने खाँचो रहेको बताए ।

नेपाल बचाउ अभियानका अध्यक्ष इश्वरी प्रसाद भट्टराई, देवराज अधिकारीले नेपालमा नेता नभैरहेको अवस्थामा तिमीहरू सबैले मलाई साथ दिनुस भनिबक्सेकोले अब हामीले सबै अभियन्ताहरूले आ-आफ्ना व्यानरहरूलाई थाँती राखेर गोलवद्ध हुनु पर्ने आवश्यकता बारे चर्चा गर्नु भयो भने अभियन्ता माधव प्रसाद लामिछानेले देश बचाउने अन्तिम अस्त्र २०४७ को संविधान हो भनेर केन्द्रित हुनुपर्ने बताउनु भयो ।










पो.ब.नं.                काठमाडौं ।

राष्ट्र र राष्ट्रियताको साझा पत्रिका
गोरखा एक्सप्रेस साप्ताहिक

(साविक म.क्षे.हु.नि.) गो.हु.द.नं. ५/०६७-६८ हाल ५/०८१-८२
का.जि.का.द.नं. २५-०३९/४०   भ्याट नम्बर- ३०४५६२४४४

मंगलबार Tuesday
०८१ फागुन २०, March 4, 2025





## अन्तिम पातो - शाश्वत शर्मा

# सेनाले होइन, जनताले गर्ने हो

मिलेर राष्ट्र बचाऔं, पूर्वराजाको प्रजातन्त्र दिवसको सन्देशको निथार यही हो । पूर्वराजा अहिले पश्चिमाञ्चलका पीठहरूमा पूजाआजा, आएका नागरिकसँग भेटघाटमा छन् । केही दिनमै पूर्वराजालाई पोखरामा नागरिक अभिनन्दन गरिने प्रचार पनि भइरहेको छ । राजाले जनताको साथ खोजिरहेका छन्, मुलुकप्रति साँच्चिकै चिन्तित जनता सामाजिक सञ्जालहरूमा वर्तमान शासन प्रणाली र भ्रष्ट शासकप्रति तीतो पोख्दै आ आफ्ना दायित्व पूरा गरिरहेका छन् भने बाँकी कूलमान, बालेन, उर्जामन्त्री तिर पनि आकर्षित छन् । पार्टीका विवेकहीनहरूले राजाको देश बचाउने सन्देश सुन्ने कुरै भएन । लाग्थ्यो, पूर्वराजाको सन्देश आउनासाथ बिरोधको आँधी आउनेछ, राजनीतिमा डढेलो सल्कनेछ । तर केही सुरसार पनि देखिएन । शायद यस्तै बुझेर होला, भ्रष्टहरूले खासै चासो नदिएको ।

पूर्वराजाको सन्देश उत्तेजित पार्ने थिएन । मिलेर अघि बढौं, संकटमा फसेको राष्ट्रलाई बचाऔं भन्ने नै थियो । गणतन्त्रका भ्रष्ट र बिरोधी नागरिकबीच आमनेसामने हुने लख काटिए पनि केही हुनसकेन । राजाको सन्देश आएपछि एकथरि द्वीपप्रज्वलनतिर लागे, अर्काथरि मोटरसाइकल र्‍याली निकाल्न थाले । राप्रपा बुटवलतिर आमसभा गर्दै चैतदेखि बिद्रोह गर्ने अर्को मिति सुनाउनतिर लाग्यो । ससाना र्‍याली निस्किए, सत्ताधारीको बिकृत मानसिकताको बिरोध भयो, सत्ताधारीले हाँसोमा उडाइदिए । मतलव, कतै पनि सत्ताधारी र जनतावीच झडप भएन । झडप हुने खालको र्‍याली, जुलुस, नारावाजी केही पनि हुनसकेन । सन्देश आयो, तातेजस्तो भयो, सेलायो । फेरिपनि भनौं, जबसम्म सडकमा टायर बालिदैन, राजमार्ग, सडक बन्द गरिदैन, जबसम्म स्कूल कलेज, विश्वविद्यालय बन्द हुँदैनन्, तवसम्म परिणाम निस्कदैन ।

भर्खरको कुरा गर्दा पनि दुर्गा प्रसाईको नेपालभरिको दौडाहको परिणाम शून्य नै छ । यसबाट पनि शिद्ध हुन्छ कि हडताल, बन्दजस्ता कार्यक्रम नगरीनेपालमा परिवर्तन असम्भव छ । ०४६सालमा पनि यस्तै गरिएको थियो, ०६३ मा पनि यसै गरियो । अझ ००७ सालमा पनि त्यतिबेला राजा पनि मैदानमा ओर्लेर परिवर्तन भएको थियो । त्यसकारण सबैभन्दा पहिला परिवर्तनकारीहरू एकजुट हुनुपर्छ, त्यसपछि आमहड्तालका कार्यक्रम राख्नुपर्छ । अन्यथा केही परिवर्तन हुनसक्नेछैन । खाली गणतन्त्र र यी भ्रष्ट नेताहरूलाई भाषणमा नङ्ग्याएर केही नतिजा निस्कने छैन । सुन्नेले सुन्छन्, बुझ्नेले बुझ्छन्, फेरि बालेन, कुलमान, हर्क साम्पाङ्को चर्चातिर लाग्छन् ।

हालै सेनाले सेना दिवस मनायो । सेना भनेको बिधिद्वारा स्थापित संस्था हो । यो राष्ट्रपति, कार्यपालिकाप्रति, संविधानप्रति प्रतिवद्ध छ । यसकारण सेनाको प्रतिवेदन देशको सुरक्षासँगमात्र सिमित छ । भ्रष्टाचार, अन्याय, अत्याचार, बेथिति, कुशासन, राष्ट्रघात आदि विषय सेनाले बुझ्ने मात्र हो । सचेत रहने हो । देशका नागरिक कुशासनबाट मरून् कि बाँचुन, अन्यायमा परून्, सेनाले केही गर्दैन । देशको सिमाना, राष्ट्रिय अखण्डतासँगमात्र सेनाको सरोकार हुन्छ । त्यो बाहेक सेनाले संचालन गरेका कल्याणकारी कार्यहरूबाट आर्जित रकमलाई कहाँ लगानी गर्ने ? त्यसमा सेनाको चासो रहन्छ । महगी बढोस् कि युवा विदेशमा बेचियुन, आर्थिक मन्दी होस् कि नीतिगतदेखि कार्यान्वयनसम्म भ्रष्टाचार बढोस्, सेनाले केही गर्नेवाला छैन । सेनाले परिवर्तन ल्याइदिने होइ, परिवर्तन जनताले चाहने र जनविद्रोहबाट आउने हो । सेनाले राजतन्त्र पुनर्स्थापना गरिदिने, शिरमा श्रीपेच लगाइदिने कल्पना नगरौं ।

बिगत हेरौं, विदेशीले सघाए, परिवर्तनकारीको आन्दोलन सफल भयो, विदेशीले मान्यता दिए, राजतन्त्र र हिन्दुराष्ट्र फालियो । सेनाले पनि त्यही मानेको हो । यो संविधान फाल्ने हो भने जनता अघि सर्नुको बिकल्प छैन । जनविद्रोह भयो भने विदेशी पनि मान्यता दिन्छन्, सेनाले पनि त्यही मान्ने हो । नेपालको सेना बंगलादेश, पाकिस्तान, श्रीलंकामा जस्तो राजनीतिक चस्का पसेको सेना होइन । परिवर्तन जसरी ल्याए, जनताले ल्याए । परिवर्तन चाहेकै हो भने जनताले ल्याउनुपर्छ । भारत, चीन, अमेरिकाले परिवर्तन ल्याइदिन्छ भनेर सोचनु गलत छ । परिवर्तन चाहेन शक्ति, व्यक्तिहरू बिभाजित छन्, पहिलो सर्त उनीहरू एक हुनुपर्छ । त्यसपछि एकस्वर र एकढिक्का भएर आन्दोलनमा उत्रनुपर्छ । यस्तो आन्दोलने मात्र परिवर्तन सम्भव छ ।

जोखता हेर्दा हेर्दा १८ वर्ष बितिसक्यो । कति हेर्ने जोखना, कति सुन्ने ताल न बालका भविष्यवाणी । भविष्य बनाउने रेखा जनताको चाहना, जनबिद्रोहमा छ । राजा आफै देश बचाउन अग्रसर भएका छन्,। अब साथ दिने वा नदिने जनताको कुरा हो । नेपाली भएर बाँच्ने कि परचक्रीको गुलामी बनेर निर्णय जनताले गर्नुपर्छ । राजालाई साथ दिएर भावी पुस्ताका लागि नेपालको अस्तित्व रक्षा गरौं ।

# जनघृणामा बाँचेका नेताहरू



डा. बिनिता -

बहुदलपछि र लोकतन्त्रका नेता उही हुन् । उस्तै र उही ड्याङ्का मूला भन्ने उखानजस्तै छन् ।

कुनै नेता लोकका नजरमा सम्मानित छैनन् । लोकको घृणा बोकेर सत्ता हाँकिरहेका छन् । कहिले कसले जुत्ता खान्छ, कहिले कसले लोकको मुक्का खान्छ । लोकले मार्ने भए भन्ने भयका कारण चालिसौं वर्षदेखि सत्तामा हालिमुहाली चलाइरहेका नेताहरू सुरक्षा घेरामा सुरक्षित भएर हिड्डुल गर्न, बाँच्न बाध्य भएका छन् ।

यी नेताहरू कतिसम्म राष्ट्रघाती छन् भने यिनले भूगोलको रक्षासमेत गर्न सकेनन् । राजनीतिको चरित्र हुन्छ, देशभक्ति हुन्छ, जनआवाजको कदर गर्ने पनि हुन्छ । यिनमा कुनै गुण छैन, यिनले गर्ने भ्रष्टाचारमात्र हो ।

२०७२ सालमा भारतले पर्सामा ५० बिगाह नेपाली भुभाग अतिक्रमण गर्‍यो । सरकार भन्छ- केही जमीन भारततिर परेको हो, सीमा मिचिएको छैन । राजधानी भारततिर परेपछि मात्र सीमा मिचिन्छ भन्ने चिन्तनप्रति दया गर्ने कि घृणा ? आजसम्म त्यो नेपाली भूभागबारे कुनै नेताले बोलेका छैनन् । बोल्न सक्दैनन् ।

नेपालले १९२७ मा ३१ हजार ७ सय २५ तिरेर रक्सौलमा रक्सौल-अमलेखगञ्ज रेलसेवाका लागि भनेर रक्सौल किनेको जमिनमा रक्सौल बजार बनेको छ । ती भूमि पनि भारतले खाइदियो । यो अतिक्रमणको कुरा कोही गर्दैनन् । यो भूमिको हक नेपाल रेलवे कम्पनी ट्रक तथा कन्टेनर सर्भिसको नाममा थियो । यो कम्पनी पनि छैन, नेपाली भूमि भारतले कब्जा गरेको छ । हामीले प्रमाण बोकेर के गर्नु ?

आइरन लेडी भनिने इन्दिरा गान्धीलाई सत्तामा भएकै अवस्थामा १९८४ अक्टोबर ३१ को दिन, आफ्नै सुरक्षागार्ड सतवन्त र बेअन्त सिंहले हत्या गरिदिए । अघिल्लो दिन भुवनेश्वरमा उनले भाषण गरेकी थिइन्- आज म यहाँ छु, भोलि नहुन सक्छु । नभन्दै भोलिपल्टै उनको हत्या गरियो । एउटै खालिस्तान मुभमेन्ट उनको हत्याको मूलकारण बन्यो । यसपछि पालो आयो इन्दिरा पुत्र राजीव गान्धीको । १९९१ मे २१ का दिन, तमिलनाडुमा तमिल लिवरेशन टाइगरले धनुमार्फत आरडीएक्ससहितको आत्मघाती बम विस्फोट गराएर राजीव गान्धीको हत्या गराइदियो । आतंकको जति बिरोध गरे पनि कम हुन्छ । तर यी सबै आतंकका पछाडि राजनीतिक अपराध जिम्मेवार छन् । राजनीतिको पनि सीमा हुन्छ ।

भनिन्छ, अति गर्नु अत्याचार नगर्नु । छिमेकीमाथि अत्याचार बढ्दै जाँदा भारतले पनि अनेकन दुदमनीय घटनाहरू बेहोरिरहेको छ । कुनै पनि छिमेकीले भारत असल भन्दैनन् । यसबारेमा भारतले आत्ममिमांसा गर्न जरूरी छ । खासगरी नेपालमाथि बढ्दै गएको भारतीय ज्यादतिप्रति । स्मरणीय छ, २००८ साल मंसिर १ गते मातृकाप्रसाद कोइराला प्रधानमन्त्री भए, २०१६ साल जेठ १३ गते वीपी कोइराला निर्वाचित प्रधानमन्त्री भएका थिए । २०४८ जेठ १५ गते गिरिजाप्रसाद कोइराला पनि निर्वाचित प्रधानमन्त्री नै बनेका हुन् । एउटै बाबु कृष्णप्रसाद कोइरालाका ३ भाइछोरा प्रधानमन्त्री भए पनि तिनैजनामाथि भारतको लगानी रह्यो । सम्भवत: भारतले तिनै दाजुभाइको प्रधानमन्त्रित्वकालमा कोशी, गण्डकी र टनकपुर (गिरिजाको समर्थनमा देउवाकालमा महाकाली) हत्यायो । यही विषयमा ०६३ सालमा भएको १२ बुँदेका हस्ताक्षरकर्तामध्येका एक वरिष्ठ वामपन्थी नेता अमिक शेरचनले २०५४ साल साउन १३ गते नै जनएकता पत्रिकामा लेखेका थिए- कांग्रेसीहरूले कोशी, गण्डकी, टनकपुरपछि २०५२ मा महाकालीसमेत बेचे । स्मरणीय के पनि छ भने २०६५ सालमा प्रधानमन्त्री बनेका समयमा पुष्पकमल दाहाल प्रचण्डले समेत भारत भ्रमण गरेर अनेक अर्थ लाग्नसक्ने मेघा योजना भारतलाई बुझाएका थिए । आज हरेक नेताको अनुहार निस्तेज ।

सार के हो भने नेपालको राजनीतिमा आफ्नो पकड बलियो पार्न साहू मुलुकहरू ठूलो लगानी गर्ने गर्छन् । आसामी हाम्रा नेताहरूले सत्तामा उक्लनासाथ साहुको सावाँव्याजका रूपमा स्रोत र सुरक्षा बुझाउने गरेका छन् । स्वाभिमान र फलामजस्ता आत्मबल भएका कोही भएनन् । यही कारण राजनीति र कूटनीतिक पराजयमात्र भइरहेको छ । बुद्धिजीवी, नागरिक समाज र जान्नेसुन्ने समेत लिपुलेक, लिम्पियाधुरा, कालापानी भारतले खाएकोमा बोल्दैनन् । यी घृणित नभए को हुन्छन् ?

# शक्तिशालीलाई कसले गर्छ कारवाही ?

लोकतान्त्रिक भन्नेहरूले महारानी रत्नले बनाएको बालमन्दिर बेचेर खाए ? अनि पार्टीका लन्ठुहरू जे गर्दा पनि ताली बजाएर बस्छन् । योभन्दा बिकृत लोकतन्त्र अरू के हुनसक्छ र ?

पूर्वप्रधान न्यायाधीश, सुशीला कार्की यसैगरी आक्रोसित हुने गर्नुहुन्छ ।

कुनै अधिवक्ता न्यायाधीशलाई घूस खुवाउँछौं भन्छन् । बहस गरेर निस्कँदा वरिष्ठ अधिवक्ता दिनेश त्रिपाठीमाथि अदालत परिसरमै हातपात भयो । न्यायक्षेत्र बिकृत हुँदा देशमा अन्याय बढ्छ । घूसखोरी र भ्रष्टाचार बढ्छ । भ्रष्टाचारको नमूना बालमन्दिर हो । बालमन्दिरका भ्रष्टहरूलाई कांग्रेसले बचाएको छ, उमालेले संरक्षण दिएको छ । कारवाही नगर्ने भनेका छन् ।




## प्रजातन्त्रका मुलभूत मान्यता

- जनताको बहुदलीय लोकतान्त्रिक शासन प्रणाली,
- मौलिक हक र मानव अधिकार,
- आवधिक निर्वाचन,
- बालिग मताधिकार,
- नागरिक स्वतन्त्रता,
- स्वतन्त्र, निष्पक्ष र सक्षम न्यायपालिका,
- कानूनी राज्यको अवधारणा,
- पूर्ण प्रेस स्वतन्त्रता,
- शक्ति पृथकीकरण, नियन्त्रण र सन्तलुन ।



नेपाल सरकार
विज्ञापन बोर्ड

